मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक १२९ | २०७९ साल चैत ७ गते मंगलबार | Tuesday 21, Mar. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# प्रधानमन्त्रीले दोहोऱ्याएर लिए विश्वासको मत

## *न्याय, सुशासन समृद्धिका पक्षमा प्रतिवद्धता व्यक्त*

मधेशदृष्टि
जनकपुरधाम, ६ चैत । प्रतिनिधिसभामा तेस्रो ठूलो दल नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा बनेको मिलीजुली सरकारले फेरि विश्वासको मत प्राप्त गरेको छ।

२७५ सांसद रहेका प्रतिनिधि सभामा सोमवार सहभागी २६२ प्रधानमन्त्रीको पक्षमा १७२ सांसदको मत पाएका हुन् । उनको विपक्षमा ८९ मत पर्यो । उनलाई एमाले र राप्रपाले मत हालेनन् । भने, नेमकिपा तटस्थ बस्यो ।



सभामुख देवराज घिमिरेले प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिन राखेको प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गरेका हुन् । सभामुख घिमिरेले मतविभाजनको परिणाम सार्वजनिक गर्दै प्रतिनिधिसभाको तत्काल कायम सम्पूर्ण सदस्यको बहुमत पुगेकाले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत प्राप्त भएको घोषणा गरेका हुन् ।

प्रधानमन्त्रीलाई माओवादीसहित कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी, (जसपा), नेकपा एकीकृत समाजवादी, जनमत, नागरिक उन्मुक्ति, लोकतान्त्रिक

*- बाँकी पृष्ठ ६ मा*

# उपराष्ट्रपति यादवले गरे शपथ र पदभार ग्रहण



मधेशदृष्टि
काठमाडौं, ६ चैत । नवनिर्वाचित उपराष्ट्रपति रामसहाय यादवले सोमवार पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष शीतल निवासमा शपथग्रहण गरेका हुन् ।यादव गणतन्त्र नेपालको तेस्रो उपराष्ट्रपति निर्वाचित भएका हुन् । चौथो कार्यकालको लागि शुक्रबार भएको निर्वाचनमा जनता समाजवादी पार्टी (जसपा) का नेता यादव उपराष्ट्रपतिमा निर्वाचित भएका हुन् ।

उनलाई राष्ट्रपति रामचन्द्र पौडेलले शपथ ग्रहण गराएका हुन । सो शपथ समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की, नेपालको पहिलो एवं पूर्वराष्ट्रपति डा. रामवरण यादव, निवर्तमान उपराष्ट्रपति नन्दबहादुर पुन, पूर्वप्रधानमन्त्रीहरु शेरबहादुर देउवा, माधव

*- बाँकी पृष्ठ ६ मा*

# १९ बिघाको मुआब्जा प्रकरण ड्राइपोर्टमा स्थानीयको धर्ना



मधेशदृष्टि
वीरगंज, ६ चैत ।
मुआब्जा प्रकरणमा बाँकी रहेको जग्गाको तत्काल रकम वितरणको मागसहित वीर गंज-१५, सिर्सियास्थित सुख्खा बन्दरगाह (ड्राइपोर्ट)मा स्थानीयले धर्ना दिएका छन् । सरकारले अधिग्रहण गर्ने भनिएको जग्गाको मुआब्जा वितरणमा ढिलासुस्ती गरेको भन्दै उनीहरुले ड्राइपोर्टको मुख्य गेट अगाडि धर्नामा बसेका हुन् । धर्नामा उल्लेख्य संख्यामा स्थानीय महिला सहभागी भएका थिए ।

ड्राइपोर्टको मुख्य गेट अगाडि स्थानीय धर्नामा बसेका कारण दिउँसो १ बजेदेखि ४ बजेसम्म बन्दरगाह भित्र सवारी आवागमन समेत हुन सकेन । सरकारले ०७१ सालमै सिर्सिया खाल्वाटोला क्षेत्रको ६२ बिघा जमिन अधिग्रहण गर्ने प्रक्रिया थालेपनि अझै पूर्णता पाउन सकेको छैन । जसले गर्दा आफूहरु मर्कामा परेको भन्दै उनीहरुले प्रदर्शन गरेका हुन् । वीरगञ्ज-२५ की वडा सदस्य तेतरी देवी तुराहाले लामो समयदेखि सरकारले मुआब्जाको नाममा जमिन रोकेर राखेकोले प्रदर्शन गरेको बताइन् । ' धनीलाई मुआब्जा मिलिसकेको छ, गरिबलाई सरकारले न मुआब्जाको पैसा दिन्छ, न जमिन नै,' उनले भनिन्, 'त्यसैले बाध्य भएर प्रदर्शनमा उत्रिएका हौं ।' उता सुख्खा बन्दरगाह कार्यालयका प्रमुख भन्सार अधिकृत जयबहादुर भण्डारीले मुआब्जाका लागि पहल गर्ने आश्वासन दिएपछि उनीहरु फर्केका थिए । उनले नयाँ अर्थमन्त्री आए लगत्तै सरोकारवाला सहितको टोली जग्गा धनीको समस्या समाधान गर्न डेलिगेसन जाने प्रतिबद्धता उनले जनाएका थिए ।

अर्थ मन्त्रालयको निर्देशन अनुसार ७१ सालमा ११ बिघा र ०७३ सालमा थप ५१ बिघा गरेर ६२ बिघा जग्गा अधिग्रहणको प्रक्रिया थालिएको थियो । तर ८ वर्ष वितिसक्दा समेत प्रक्रिया पुरा हुन सकेको छैन । अझै केही स्थानीयले सरकारले दिने भनेको मुआब्जा पाउन सकेका छैनन् ।

सरकारले अधिग्रहण गरिरहेको जमिन वीरगञ्जका दुई मुख्य भन्सारहरु आईसीपी र ड्राइपोर्टको मध्य भागमा पर्छ । वीरगञ्ज भन्सारले सडक मार्ग हुँदै हुने कारोबारलाई हेर्छ भने सिर्सिया सुख्खा बन्दरगाहले रेलमार्गबाट हुने कारोबारलाई हेर्ने गरेको छ । दुवै भन्सारमा आवश्यक पर्ने संरचना विस्तार गर्न जमिन उपयोगी हुने हुँदा सरकारले अधिग्रहण गर्न खोजेको थियो ।

सरकारले ६२ बिघा जग्गा भएको ९ सय ३ कित्तामध्ये हालसम्म ६ सय ८२ कित्तामा पर्ने ४३ बिघा जग्गाको मुआब्जा वितरण गरिसकेको छ । स्थानीयले मुआब्जा वापत करिब ४ अर्ब रुपैयाँ बुझिसकेका छन् । अब २ सय ११ अर्थात १९ बिघा जग्गाको २ अर्ब ८० करोड रुपैयाँ मुआब्जा वितरण गर्न बाँकी छ । यस बाहेक घर, रुख, कृषि, पोखरी, चापाकल आदिको पनि मुआब्जा दिनुपर्ने हो । तर त्यसको सर्भे नै हुन नसकेको कारण मुआब्जा वितरणमा ढिलाई भएको सुख्खा बन्दरगाह कार्यालयका प्राविधिक अधिकृत केवल चौधरीले जानकारी दिएका छन् ।



# राराबमा नेविसंघलाई बहुमत



मधेशदृष्टि

जनकपुरधाम, ६ चैत । जनकपुरधाम स्थित रामस्वरूप रामसागर बहुमुखी (राराब) क्याम्पसमा सचिव बाहेक सम्पूर्ण पदमा नेपाल विद्यार्थी संघ (नेविसंघ) का उम्मेदवार विजयी भएका छन् ।

सभापतिमा नेवि संघका मनिषकुमार यादव १ हजार १४८ मत ल्याएर विजयी भएका छन । निर्वाचन अधिकृत रेमन्त मौरवैताले जनाए अनुसार निकटतम प्रतिद्वन्द्वीहरु लोकतान्त्रिक विद्यार्थी संघका उम्मेदवार प्रशान्त झाले ७१५ मत प्राप्त गरेका छन् भने पाँचदलीय गठबन्धनका उम्मेदवार गौतम यादव चोरवारले ३८३ मत र विद्यार्थी जनमत संघका उम्मेदवार मो. इजाज मोमिनले १६७ मत ल्याएका हुन् ।

सचिवमा लोकतान्त्रिक विद्यार्थी संघका करण साहले ९२६ मत ल्याएर निर्वाचित भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी नेविसंघका रञ्जितकुमार मण्डलले ८०९ मत पाएका छन् । त्यस्तै, पाँचदलीय गठबन्धनका उम्मेदवार अजय सिंह कुशवाहाले ४५३ मत मात्र ल्याउन सकेका छन् ।

कोषाध्यक्षमा नेविसंघका राकेश कुमार सिंह ९९८ मत ल्याएर निर्वाचित हुँदा उनका निकटतम प्रतिद्वन्द्वी लोकतान्त्रिक विद्यार्थी संघका अजय कुमार पण्डितले ८२६ मत मात्र पाएका छन् । त्यस्तै, पाँचदलीय गठबन्धनका उम्मेदवार निरज कुमार गुप्ताले ३९५ मत मात्र ल्याएका छन् । त्यस्तै सदस्यहरूमा नेविसंघका रोशनी कर्ण (१००८), सोनु झा (१००४), मुन्ना कुमार प्रधान (९९९), जितेन्द्र यादव (९८९), विकास कुमार साह (९८१), नविन कुसियैत यादव (९७८), दीपेन्द्र महतो (९७६) र अभिशेक शर्माले (९७०) मत ल्याएर निर्वाचित भएको निर्वाचन अधिकृत मौरवैताले जनाएको छ ।

स्ववियुको नेतृत्व चयनका लागि आइतबार बिहान ८ बजेदेखि सुरु भएको मतदान दिउँसो ४ बजे सम्पन्न भएको थियो । राराब क्याम्पसमा ७ हजार २१५ विद्यार्थी मतदाता रहेकोमा २ हजार ६६२ मतदान भएको थियो । राराब क्याम्पसमा २१ सदस्यीय स्ववियु कार्यसमितिका लागि सभापतिमा ६ जनासहित कुल ८८ जनाले उम्मेदवारी दिएका थिए ।

समानुपातिक सदस्यतर्फ संगठनहरुले पाएको मतको आधारमा १० जनाको नियुक्ति गरिनेछ । ती मध्ये नेवि संघले बाँडफाँड ४, लोवि संघ ३, संयुक्त विद्यार्थी प्यानलले दुई र जनमतले एउटा सदस्य पाएको छ । ती सदस्यहरुको नामावली संगठनहरुले पठाए अनुसार नियुक्त गरिने निर्वाचन अधिकृत मरवैताले जानकारी दिएका छन् ।

उपाध्यक्ष र सह सचिवको नियुक्ति समानुपातिक सदस्यबाट कार्यसमितिले सर्वसम्मति वा सहमति हुन नसके बहुमतको आधारमा कार्यसमितिको २१ वटै पदाधिकारीले गरेको मतदानको आधारमा हुने उनले बताए ।

निर्वाचित भएपछि सभापति यादव विगत कैयौ वर्ष देखी क्याम्पस स्ववियू पदाधिकारी विहिन भएका कुनै कामै हुन सकेको थिएन, अब आफूले स्ववियूले निर्वाह गर्ने जिम्मेवारी पुरा गर्नेछु र आगामी दिनमा विद्यार्थीको हकहित तथा क्याम्पस प्रशासन लाई सुदृढ़ गराउन संघर्ष जारी राख्ने बताएका छन् ।

उनले भने क्याम्पसका लागि पहिला पनि काम गरेकै छु अझै धेरै थोक गर्न बांकि छन । क्याम्पसमा सर-सफाई, बैंकिंग व्यवस्था, उचित छात्रावास, भौतिक सरंचनाहरुको सुदृढ़ीकरण व्यसायिक शिक्षण को वातावरण लगायतका थुप्रै कार्यहरु मेरो लक्ष्यमा रहेको छ यसका साथै भविष्यमा परिस्थिति अनुकुलको निर्णय लिने र त्यसलाई कार्यन्वयन गर्नेतर्फ लाग्नेछु ।

विगतका सकारत्मक विचार र प्रसिद्धिहरुलाई आत्मसात गर्दै क्याम्पसलाई अध्ययनमैत्री वातावरणमा परिणत गरी क्याम्पसको गुमेको फर्काउँदै अझ बलियो बनाउन विद्यार्थी र क्याम्पस प्रशासन एकढिक्का भई काम गर्नेछु र क्याम्पस भित्र अनुशासन तथा संयमताका साथै सद्भावयुक्त वातावरण निर्माण आफ्नो प्राथमिकता रहेको उनले बताए ।

# नियतवश नगरपालिका अस्तव्यस्त बनाउन खोजेको नगरप्रमुखको आरोप

आरके श्रीवास्तव

गरुडा,६ चैत । रौतहटको गरडा नगरपालिकाका नगर प्रमुख कन्थमनी प्रसाद जयसवालले सूचानाको हक बमोजिम सम्पुर्ण कागजातहरु उपलब्ध गराउने प्रतिवद्धता जनाएपनि जानीजानी आन्दोलन गरी नगरपालिकालाई अस्तव्यस्त बनाउन खोजिएको आरोप लगाएका छन् ।

गरुडा नगर प्रमुख जयसवालले सोमवार नगरपालिका कार्यालय गरुडामा पत्रकार सम्मेलनको आयोजना गरी यस्तो बताएका हुन् । सोमबार पत्रकार सम्मेलनमा बोल्दै नगर प्रमुख जयसवालले लोसपाका मेयर प्रत्याक्षी दिपक यादवले गत फागुन २९ गते यस नगरपालिकाका करारका कर्मचारीहरुको विवरण लिखित रुपमा माग गर्दा चैत्र १ गते सो कर्मचारीहरुको विवरण उपलब्ध गराएको बताए ।

त्यसपछि यादवले पुनः चैत्र २ गते २०७९ जेष्ठ २ गतेदेखी हालसम्मका विभिन्न १२ वटा शिर्षकका सम्पुर्ण कागजातहरु उपलब्ध गराउन सूचनाको हक अन्तर्गतको अधिकार प्रयोग गरी लिखित रुपमा माग गरेका थिए । सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ (सूचना प्राप्त गर्ने कार्यविधि) को उपदफा २ बमोजिम निवेदन प्राप्त भएको मितिले १५ दिन भित्रमा निवेदकलाई सूचना उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोले आफुहरु सोही व्यवस्था अन्तर्गत १५ दिन भित्रमा यादवले मागेका सम्पुर्ण कागजातहरु उपलब्ध गराउने प्रतिवद्धता जनाइसकेको मेयर जयसवालले बताए ।

मेयर जयसवालले भने,केही विपक्षीहरुले आन्दोलनको नाममा विकास निर्माणको कार्य अवरुद्ध गरी जनताको नजरमा आफुलाई असफल बनाउन खोजेका छन् । अन्य दलको समर्थनमा गरुडा नगरपालिकाका मेयर प्रत्यासी दिपक यादवले विभिन्न १२ बुंदे माग राखी विगत केहि दिनदेखी गरुडा स्थित रहेको नगरपालिकाको कार्यालय अगाडि आमरण अनसनमा बसेका छन् । विभिन्न माग राख्दै यादवले विगत केहिदिन देखी गरुडामा आन्दोलन गर्दै आएका छन् ।

कुनै पनि मागको नाममा नगरपालिकाको कामकाज प्रभावित गर्न खोज्नु गलत रहेको उनको भनाइ छ । निर्वाचनमा आफुसंग पराजित भएकाहरु पराजित भएको प्रतिसोध साध्न बलजबरजस्ती आफु विरुद्ध मोर्चाबन्दी गरी दिनहु आन्दोलन गरिरहेको उनको आरोप छ । केहि व्यक्तीहरुले आन्दोलनको नाममा नगरपालिकामा अशान्ती मच्चाउनुका साथै हिसांत्मक गतिविधिमा समेत लागेको उनले बताए । पत्रकार सम्मेलनमा बोल्दै नगरप्रमुख जयसवालले नगरको समृद्ध विकास, नगरवासीलाई समृद्ध बनाउने कार्य, विकास निर्माण देखि लिएर शिक्षा ,स्वास्थ्यको क्षेत्रमा गरीने परिवर्तनबाट विपक्षीहरु अतालिएर विभिन्न षड्यन्त्र गर्नमा लागि परेको उनको भनाइ छ ।

अहिले सम्म आफूले गरेको कार्यहरुको सम्पूर्ण विवरणहरु दिन तयार रहेको तर त्यसको विधि प्रक्रियाहरु अपनाएर आउन आग्रह गरे । मेयर जयसवालले सार्वजनिक सुनवाई कार्यक्रम छिटै आयोजना गरेर सबैको सार्वजनिक गर्ने बताए । तर अभद्र, अशिष्ट शैलीमा प्रस्तुत हुँदै नगरको काम विथोल्न खोज्दा समस्या मात्रै उत्पन्न हुने उनले बताए । संचारकर्मीहरुको प्रश्नको जवाफमा सबैको सहमतीमा करारमा १ सय ५० जना कर्मचारी नियुक्त गरिएको भएपनि आन्तरिक श्रोत अति नै न्यून भएको हुँदा तलव खुवाउन निकै कठिनाई भएपछि आवश्यक्ता भन्दा बढिको करारका कर्मचारीलाई हटाएपछि विवाद निकालिएको मेयर जयसवालले बताए ।

कार्यालय बाहिर अनसनमा बसेका युवा नेता दिपक यादवको सम्पूर्ण माग सार्वजनिक सुनवाईबाट पुरा हुने भएको हुँदा अनसनको कुनै औचित्य नरहेकोमा आजै देखि अनसन समाप्त गर्न प्रमुख प्रशासकीय अधिकृत भुदेव झाले यादव सँग आग्रह गरेका छन् ।

# विपद् सामना गर्न पूर्वतयारी आवश्यक

मधेशदृष्टि

जनकपुरधाम,६ चैत । विपद्जन्य जोखिमको दृष्टिकोणले धनुषा जिल्ला उच्च जोखिममा रहेको भन्दै जोखिम न्यूनीकरणका लागि सबै प्रकारका उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिइएको छ ।



संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा जिल्ला विपद् व्यवस्थापन समितिद्वारा संयुक्त रुपमा सोमवार जनकपुरधाममा आयोजित कार्यक्रममा सहभागीहरूले विपद् आउनु भन्दा अगाडी नै विपद्को सामनाका लागि उचित तयारी हुनुपर्ने धारणा राखे ।

धनुषाका नगरपालिकाका तर्फबाट बोल्दै हंशपुर नगरपालिकाका नगरप्रमुख प्रदीप यादवले विपद् जोखिमको क्षेत्रमा तीनै तहका सरकारले कामकाज गर्नुपर्ने बताए । उनले नगरपालिकामा वारुण यन्त्रको व्यवस्थापनमा सहयोग गर्न आग्रह गरे । अध्यक्षको आसनबाट धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले विपद् भनेर नआउने भएकाले विपद्बाट हुने जोखिम न्यूनीकरणको पूर्व तयारीबारे छलफल गर्न बैठक आयोजना गरिएको बताए ।

नेपाल रेडक्रस सोसाइटी धनुषाका सभापति नरेशप्रसाद सिंह, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारी सहितका वक्ताहरूले सबै प्रकारका विपदबाट जोगिनका लागि अहिलेदेखि नै तयारी गर्नुपर्ने धारणा राखेका थिए ।

# नाम मिल्दाको फल: पटकपटक संकटमा रामफल

डम्बर राई

सप्तरी, ६ चैत । सप्तरीको कञ्चनरुप नगरपालिका ५ स्थित पिप्रापूर्व निवासी रामफल मुखिया डाका गरेको तथा थुनाबाट कैदीबन्दी भगाएको आरोपमा पटक पटक प्रहरीको फन्दामा परेकाछन् । एउटै व्यक्ति उहि मुद्धामा प्रहरीले पक्रेर अदालतमा अदालत चलान गर्ने आदेश समेत दिइएको पिडित मुखियाले गुनासो गरे । मुखियालाई २०७३ साल जेठ ४ गते जिल्ला अदालतमा खटेको डोर कर्मचारीको सहयोगमा पक्राउ परेका थिए ।

तत्काल निर्दोस सावित भएका मुखियालाई पूनः प्रहरीले शनिवार पक्राउ गरी जिल्ला अदालतमा हाजिर गराएको थियो । कञ्चनपुर बजार गर्न आएका मुखियालाई प्रहरीले गाडीमा चढ्न लगाए तर उनले म किन गाडीमा चढ्ने भन्ने प्रतिउत्तरमा प्रहरीले तपाइमाथि मुद्धा छ भन्दै जवरजस्ती गाडीमा चढाएर थानामा पुऱ्यायो । भोलीपल्ट अदालतमा हाजिर गराउदा मात्र थाहाभयो की म माथि पूरानै झुठो मुद्धा दोहोरिएको रहेछ मुखियाले झस्किदै भने पटक पटक मलाई किन यस्तो दुःख दिन्छ ? यस अघिपनि आफु पाँच महिना २० दिन कारागार खेपेर आएँ । घटनामा नाम परेका व्यक्तिसंग नाम र ठेगाना एउटै भएका कारण उनीमाथि प्रहरी झुक्किने गरेको हो । यसवारे अधिवक्ता श्याम पोखरेल भन्नुहुन्छ, प्रहरीले वास्तविक अभियुक्तलाइ नसमातेको जानकारी पाएपछि तत्कालिन पुनरावेदन अदालत राजविराजमा बन्दी प्रत्यक्षीकरण रिट दायर गरे । घटनाका आरोपी मुखियाका बुवाको नाम कलमा मुखिया मलाह थियो भने यी निर्दोष मुदियाको बुवाको नाम फिरंगी मलाह हो । उनलाई पहिला नै नत प्रहरीले परिचय खोजे नत अदालतका कर्मचारीले अधिवक्ता पोखरेलले भने तत्कालै बन्दी प्रत्इक्षीकरण गराइएपनि फाइल र मिसिल ल्याउन ढिलाई गरिदा विचराले कारागार चलान भई दुःखद जीवन भोग्नुपऱ्यो । प्रहरीले छानविन तथा अनुसंधान गर्दा सहि वायडाटा लिइएर गर्नुपर्छ तर यसो नगर्दा निर्दोस मानिसहरुले अनाहकमा सजाय भोग्नु परेको पोखरेलको भनाई छ । निर्दोष भएरपनि प्रहरीले फन्दा हालेपछि २०७३ सालमा छोराको न्वारानमा आफु थानामा कोचिएको त्यो अवस्थालाई सम्झदै भावपूर्ण शैलीमा मुखियाले भने त्यतिबेला म रातदिन रोएर दिनकाट्थे । आखिर वास्तविक घटनाका अभियुक्त फरार रामफल नामका व्यक्ति फरार छन् । यता नखाएको बिष अनाहकमा नाम मिलेकै कारण रामफललाई लाग्यो नगरप्रमुख ललन प्रसाद गुप्ताले बताए । नगरप्रमुख गुप्ताको अनुसार उनी निर्दोष हुन् तर उनलाई नखाएको विष लाग्ने गरेको छ, शनिवार उनलाइ प्रहरीले पक्राउ गरेर लैजादा पनि मैले डिएसपी दिपक रायलाई भने उनी निर्दोष हुन तर डिएसपीले मानेन अन्तत अदालत पुऱ्याएरै छाडे । गल्ती गर्नेलाई कानुन बमोजिनम कारवाही हुनैपर्छ तर सहि र गलतको वास्तविक छानविन गरेर मात्र गुप्ताको भनाई छ ।

सप्तरी प्रहरीले अहिले अदालतबाट कैद र सजाय तोकिएका व्यक्तिको खोजिगर्ने अभियान चलाएका छन् ।

यो अभियान अन्तर्गत लाखौं नगद जरिवाना र सर्वस्वसहित जन्मकैद हुनसक्ने कानुनी प्रावधान रहेको कानुनविदहरु बताउछन् । यस अन्तर्गतका व्यक्तिहरुलाई यहि सजाय हुदै आएकाछन् । मुखियाको यो घटनाले एउटा संदेश प्रवाह गरेको छकी कुनै पनि मुद्धाका आरोपीहरुलाई पूर्ण वायडाटा तथा रेकर्डहरुको आधारमा तथ्य प्रमाणित गरिनु पर्दछ ।

# सदस्यहरुलाई वित्तीय साक्षरता सहजीकरण

मधेशदृष्टि, गरुडा, ६ चैत ।

कटहरियामा वित्तीय साक्षरता कार्यक्रम भएको छ ।




सोमवार धौलागिरी लघुवित वित्तिय संस्था लिमिटेड शाखा कार्यालय कटहरिया बाट सञ्चालित वित्तिय कार्यक्रम अन्तर्गत केन्द्र प्रमुख तथा समूह सदस्यहरुलाइ गोष्ठी तथा विक्तिय साक्षरता कार्यक्रम गरिएको हो ।

कटहरिया नगरपालिका वडा नम्बर ५ स्थित रहेको शाखा कार्यालयमा सो कार्यक्रमको आयोजन गरिएको थियो । सो लघुवितले कार्यालय आफनो ग्राहक सदस्यहरुलाइ एक दिने तालिम दिएको हो ।

सो गोष्ठीमा वितिय साक्षरता,वितिय सेवाको पहुँच,कर्जा सदुपयोगिता, एकल कर्जा सिमाको महत्वको विषयमा प्रशिक्षण दिइएको थियो । तालिममा दर्जनौ जना महिला सदस्यहरको सहभागिता रहेको धौलागिरी लघुवित वित्तिय संस्था लिमिटेड शाखा कार्यालय कटहरिया ले जानकारी गराएको हो । अनिता कुशवाहाको अध्यक्षतामा भएको सो कार्यक्रमको प्रमुख अतिथीको रुपमा प्रकाश बहादुर बोगटी रहनु भएको थियो । सो अवसरमा अतिथीहरु लाल महम्द,रामेश्वर साह सोनार लघुवितका कर्मचारीहरु संजिव कुमार कुशवाहा,इन्द्रजित कुशवाहा सहितका व्यक्तीहरुको सहभागिता रहेको थियो । कार्यक्रम उत्कृष्ट काम गर्ने केन्द्र प्रमुख तथा समूह सदस्यहरु तथा अतिथीहरुलाइ सम्मान गरिएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ । मनमा दुबिधा उत्पन्न हुनेछ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ । जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । मेहनतीहरूका लागि दिन फलदायी रहनेछ ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । भूमिबाट पनि लाभ रहला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आस मारेको काम बन्न सक्छ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । प्रेम सम्बन्ध पनि कसिलो होला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ । आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

# जनज्योति बहुमुखी क्याम्पसमा नेविसंघको प्यानलै विजयी

मुकेश कुमार साह
रौतहट, ६ चैत ।
चन्द्रनिगाहपुर स्थित जनज्योति बहुमुखी क्याम्पसमा नेपाल विद्यार्थी संघ (नेविसंघ) को पुरै प्यानल विजयी भएको छ।

आइतबार भएको स्वतन्त्र विद्यार्थी युनियन स्ववियुको निर्वाचनमा जनज्योति बहुमुखी क्याम्पसको सभापतिमा नेविसंघका संगम श्रेष्ठसंगै पुरै प्यानल विजयी भएका हुन् । कुल २ हजार १५ मतदाता रहेको सो क्याम्पसमा १ हजार ३ सय ६ मत खसेको थियो। सो मत मध्ये नेवि संघका श्रेष्ठले १ हजार ३४ मत ल्याएर सभापतिमा बिजय भएका हुन् । यस्तै नेकपा एमाले सम्वद्ध अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) , नेकपा माओवादी सम्वद्ध अनेर ास्ववियु (क्रान्तिकारी) एवम् नेकपा एकीकृत समाजवादीको अनेरास्ववियू, जनमत पार्टीको विद्यार्थी जनमत संघको गठबन्धनबाट बनेको प्रगतिशिल संयुक्त विद्यार्थी संगठनबाट उम्मेदवार बनेका राधेश्याम बैठा(आदित्य)ले १ सय ६५ मत मात्र ल्याउन सफल भए । सभापतिका अर्का उम्मेदवार समाजवादी विद्यार्थी युनियन नेपालका आशिष लामाले ७५ मतप्राप्त गरे। त्यसैगरी सचिवमा ९ सय ६१ मत ल्याएर मो. नौसाद आलम विजयी भएका छन् । कोषाध्यक्षमा संगिता कुमारी



चौधरी ९ सय ५२, सदस्यहरुमा विकल कार्की ९ सय ७९, कृती घिमिरे ९ सय ६४, सैलेस कुमार पासवान ९ सय ६७, समिर प्रसाद दाहाल ९ सय ६८, राकेश कुमार साह ९ सय ५९, जय प्रकाश रजक ९ सय ४४, विशाल चौधरी ९ सय ४८ मत ल्याएर विजयी भएका निर्वाचन कमिटीका संयोजक विनोद तिमल्सिनाले जानकारी दिए।

यता समानुपातिकमा पनि नेविसंघले बाजी मारेको छ । संयोजक तिमल्सिनाका अनुसार संघले ९ सय ६० मत ल्याउँदा अनेर ास्ववियुले १ सय २२, समाजवादी विद्यार्थी युनियन, नेपालले ९५, अखिल क्रान्तिकारीले ७६, अनेर ास्ववियूले ३६ मतमात्र ल्याउन सफल भए। नेवि संघका श्रेष्ठ दोस्रो कार्यकालको सभापतीमा चयन भएका हुन।

# उपराष्ट्रपति जितेपछि यादव पार्टीबाट बिदा

मधेशदृष्टि
वीरगंज, ६ चैत ।नवनिर्वाचित उपराष्ट्रपति रामसहायप्रसाद यादवले जनता समाजवादी पार्टी (जसपा) बाट दिएका छन्।

जसपाका कार्यकारिणी समिति सदस्य रहनुभएका यादवले यही चैत ३ गतेदेखि लागू हुनेगरी पार्टीको साधारण सदस्यसमेत नरहने गरी पदबाट राजीनामा दिएका थिए।

जसपाका अध्यक्ष उपेन्द्र यादवले सोमवार उनको राजीनामा स्वीकृत गरेको सो पार्टीका प्रवक्ता मनीष सुमनले जानकारी दिए। चैत ३ गते उपराष्ट्रपतिमा



निर्वाचित भएका यादवले सोमवार उपराष्ट्रपतिको पद तथा गोपनीयताको शपथ लिएका छन्।

# भन्सार छलीको लत्ताकपडा बरामद

मधेशदृष्टि
वीरगंज, ६ चैत।
पर्सा प्रहरीले भन्सार छली ल्याउदै गरेको ५ लाख ७० हजार भन्दा बढीको मुल्यको लत्ताकपडा तथा दैनिक उपभोग्य सामग्री बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको गस्ती टोलीले गएराति वीरगंज महानगरपालिकाको ईनर्वागाउँ, नगवा र छपकैयाबाट अवैध रूपमा भन्सार छली भित्र्याउदै गरेको ५ लाख ७० हजार ७ सय १० रुपैया बराबरको विभिन्न किसिमका लत्ताकपडा तथा खाद्य सामाग्री बरामद गरि थप कारवाहीका लागि वीरगंज



भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक गिरीले जानकारी दिए।

# जग्गा, सडक, बजारको मागसहित हरिपूर्वामा स्थानीयको विरोध प्रदर्शन

घनश्याम बलम्पाकी
सर्लाही, ६ चैत।
विभिन्न समयमा विवादमा आइर हने हरिपूर्वा नगरपालिकामा स्थानीयले संघर्ष समिति नै बनाएर फेरि विरोध कार्यक्रम शुरु गरेका छन्। नगर सर्वदलिय संघर्ष समितीले विभिन्न ९ बुदें माग राख्दै विरोध प्रदर्शन गरे पछि नगरपालिका पुनः विवादित बनेको हो।

एमाले नेता समेत रहेका सर्वदलिय नगर संघर्ष समितिका संयोजक विकाउ रायको नेतृत्वमा विरोध प्रदर्शनमा उत्रिएका संघर्ष समितिले नगरपालिकाको आफ्नो जग्गामा प्रशासकिय भवन बनाउ, प्रहरी चौकिको जग्गा खरिद भएको जग्गामै प्रहरी चौकी निर्माण गर, नारायण दास मठ मन्दिरको जग्गा फिर्ता गर, बाँके संग्रामपुर सडक खण्डको अधुरो सडक निर्माण गर, पुरानो बजारको जग्गा छुट्याउलगायत विभिन्न ९ बुदें माग राखी बिरोध



प्रदर्शनमा उत्रिएका छन्।

माग पुरा नभए आफूहरु थप संघर्षका कार्यक्रमहरु गर्न बाध्य हुने संघर्ष समितिका अध्यक्ष रायले चेतावनी दिएका छन्। उनीहरुले पर्सी बुधवार नगरपालिका कार्यालयमा तालाबन्दीसमेत गर्ने सम्मका चेतावनी दिएका छन्। बिरोध प्रदर्शनमा नेकपा एमाले, माओवादी केन्द्र, जसपा, लोसपा लगायत विभिन्न पार्टीको कार्यकर्ताहरु उपस्थिति रहेको थियो। बिरोध प्रदर्शनको क्रममा आज हरिपूर्वा नगरपालिका भित्रको बजार,व्यवसाय तथा यतायात पुर्णरुपमा बन्द भएको छ। यता हरिपूर्वा नगरपालिकाका प्रमुख बिनोद कुमार साहका अनुसार मेरा केही बिपक्षी, नगरमा बिकाश नचाहिने र उनिहरुको ब्यक्तिगत स्वार्थमा बजेट बिनियोजि नगर्दा बिरोधमा उत्रिएको उनले प्रतिर्कृया दिएका छन्।

# लागूऔषध गाँजा सहित दुई पक्राउ

मधेशदृष्टि
वीरगंज, ६ चैत ।प्रहरीले वीरगन्जका छुट्टाछुट्टै स्थानबाट प्रतिबन्धित लागूऔषध तथा गाँजासहित २ जना युवकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा एक भारतीय नागरिक रहेका छन् । वीरगंज महानगरपालिका-१६ स्थित इन्र्वाबाट एक सय ४१ किलो गाँजासहित पक्राउ गरेका भारत विहार पूर्वी चम्पारण मोतिहारीको लक्ष्मीपुर निवासी २७ वर्षीय ओमप्रकाश सिंहलाई प्रहरीले आईतवार सार्वजनिक गरेको हो । विआर ०६ जि ऐ ९६९१ नम्बरको मिनि ट्रकमा गाँजा लुकाइ भारततर्फ लैजाँदै गएको अवस्थामा पूर्वसूचनाका आधारमा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए । इन्र्वागाउँस्थित



धर्मकाँटा अगाडि रोकिराखिएको भारतीय ट्रकलाई नियन्त्रणमा लिई जाँच गर्दा गाँजा गरिएको थियो। चैत ४ मा पक्राउ परेका सिंहलाई चैत ५ मा पर्सा जिल्ला अदालतबाट अनुसन्धानका लागि सात दिनको म्याद बुझेको सूचना अधिकारी सिंहले बताए। यसैगरी शनिबार राति साढे ९ बजेको समयमा वीरगन्ज महानगरपालिका-१६ शंकराचार्य गेटस्थित सडक खण्डमा बी म न पा १ ह १-०११८ नम्बरको ई-रिक्सा शंकास्पद रुपमा भारत रक्सौलबाट वीरगंजतर्फ आउँदै गरेकोमा प्रहरीचौकी इनर्वाबाट खटिएको प्रहरी टोलीले जाँच गर्दा उक्त ई-रिक्सा चालक वीरगन्ज-१५ भिष्वा निवासी २० वर्षीय बलजित यादवले रिक्साको सिटमुनि लुकाइ ल्याएको लागूऔषध बरामद भएको थियो।

उक्त इरिक्साबाट प्रतिबन्धित लागूऔषध ओनरेक्स १ सय एमएल लेखिएको ५ कार्टुनमा १ सय ७८ बोतल सिरप फेला परेको थियो। बरामद भएको लागू औषध, ई-रिक्सा र ई-रिक्सा चालक यादव समेतलाई बरामद तथा नियन्त्रणमा लिइ लागूऔषध सम्बन्धी कसुरमा आइतबार पर्सा जिल्ला अदालतबाट ७ दिन म्याद थप गरी थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

# नर्सिङमा अनेरास्ववियु निर्वाचित

मधेशदृष्टि
वीरगंज, ६ चैत ।वीरगन्ज नर्सिङ क्याम्पसमा अनेरास्ववियू विजयी भएको छ। स्ववियुको सभापति सहित सम्पूर्ण पदाधिकारीमा अनेर ास्ववियू विजयी भएको छ भने नेविसंघको एक जना सदस्य मात्रै विजयी भएकी छन्। हिजो भएको स्ववियू निर्वाचनमा नेकपा एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियूकी सभापतिमा पदकी उम्मेदवार मनिषा चौधरी ९१ मत प्राप्त गरी विजयी भएको स्ववियू निर्वाचन अधिकृत रोमिना श्रेष्ठले जानकारी दिए। चौधरीकी निकटतम प्रतिस्पर्धी नेपाल विद्यार्थी संघकी यामिनी खड्काले भने ६३ मत मात्रै प्राप्त गरेका थिए।

त्यसैगरी सचिवमा पनि अनेरास्ववियुकै सृष्टि तिमिल्सिना ८९ मतका साथ विजयी



भएका छन् भने कोषाध्यक्षमा विजयी अर्चना गुप्ता ९२ मत प्राप्त भएका छन्। सदस्यमा अनेरास्ववियुकी मुना श्रेष्ठ र विवेक रानाभाट विजयी भएका छन भने नेविसंघकी सदस्य पदकी उम्मेदवार स्मृति थापा समेत निर्वाचित भएका छन्।

# हात्तीको आक्रमणबाट महिलाको मृत्यु

मधेशदृष्टि
वीरगंज, ६ चैत ।जंगली हात्तीको आक्रमणबाट सोमवार रौतहटमा एक महिलाको मृत्यु भएको छ।

मृत्यु हुनेमा रौतहटकै चन्द्रपुर नगरपालिका वडा नम्बर ४ घर भएकी ५० बर्षकी मिना मगर रहेकि छन्।

घाँस काट्न गाँउ नजिकैको जंगलमा गएका बेला मगरलाई सोमबार बिहान ११ बजेतिर जंगली हात्तीले आक्रमण गरेको थियो।

रौतहटको धनसर जंगल क्षेत्रमा



मगरलाई हात्तीले आक्रमण गरेको र उनको मृत्यु भएको ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षाक यकनारायण कोईरालाले जानकारी दिए।


मिति:-२०७९/१२/०७

## जानकी टेक्निकल ट्रेनिङ्ग सेन्टर प्रा.लि. जनकपुरधाम

### सूचना ! सूचना !! सूचना !!!

मधेश प्रदेश सरकार,सामाजिक विकास मंत्रालय, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, जनकपुरधाम धनुषाको वितीय सहयोगमा जानकी टेक्निकल ट्रेनिङ्ग सेन्टर प्रा.लि. द्वारा आ.व.०७९।०८० को मिति २०७९/१२/१६ देखि सन्चालन हुन लागेको निम्न विषयहरुको तालिम तालिम सिक्न चाहने ईच्छुक नेपाली नागरिकहरुले तपसिल बमोजिमका कागजातहरुका साथ आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | तालिमको विषय | अवधी | योग्यता | तालिम संचालन हुने स्थान | सम्पर्क व्यक्ति र फाराम पाईने स्थान |
|---|---|---|---|---|---|
| १ | सटरिंग कारपेन्टर | १६० घण्टा | साधरण लेखपढ | शहिदनगर नगरपालिका, धनुषा २० जना | नन्द किशोर मण्डल - ९८२४८०४०३२ |
| | | | | हंशपुर नगरपालिका धनुषा २० जना | शम्भु साह - ९८२४७६६६४३ |
| | | | | मटिहानी नगरपालिका महोत्तरी २० जना | राजेश्वर महतो - ९८२४८८९७३३ |
| | | | | कल्याणपुर नगरपालिका सिराहा २० जना | विनय प्रविन साह - ९८२३७४६७९ |

आवश्यक कागजातहरु :- नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ,४ प्रति पासपोर्ट साईजको फोटो ,
उमेर :-१८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
फाराम भर्ने अन्तिम मिति: २०७९।१२।१४
अन्तंवार्ता मिति :-२०७९।१२।१५
सम्पर्क व्यक्ति र फोन नं :- राखी कुमारी मण्डल
तालिमशुरुमिति:२०७९।१२।१६

सम्पादकीय

## परिवर्तनमा मधेशको सहादत

५० को दशकमा मुलुकमा व्याप्त बेथिति र राजनीतिक अस्थिरताले आमजनतामा चरम निरासा छाएको थियो। बहुदलीय प्रजातन्त्रपछि दलहरूको अभ्यास एकहिसाबले सत्तामा पुग्ने र सत्ता जोगाउनेमा केन्द्रित थियो। सत्ताबाट बर्हिगमन गराउने क्रम पनि चल्दो थियो। सांसद किनबेच, साना दलहरूको ठूलो बार्गेनिङ, भागवन्डा, राजनीतिक मुद्दाहरूमा नजरअन्दाज अनि राजनीतिक नेतृत्वको स्खलनले जनता दलहरूको व्यवहारसँग वाक्क थिए। अकाटिर हत्याहिंसाको बाटो हुँदै राजनीति विकसित भइरहेको थियो। सरकार सेना परिचालनसम्ममा पुगेको थियो। वार्ताहरू सफल भइरहेका थिएनन्। बहुदलीय प्रजातन्त्रमाथि नै धावा बोल्दै राजाले मन्त्रिपरिषद्को अध्यक्ष भएर दलहरूमाथि बन्देजसम्मका घेरा हालेका थिए। यहाँसम्म आइपुग्दा यो राजनीतिक घटनाक्रमहरू नयाँ पुस्ताले अनुभूत गरेकै थिएनन्।

२०५२ फागुनबाट शुरू भएको नेकपा माओवादीको जनयुद्धमा १७ हजार नागरिकको सहादत भएको आँकडा छ। त्यही बाटो हुँदै माओवादी २०६२/६३ को आन्दोलनमा सातदलसँग सहकार्य गरेर देश लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको हो। संवैधानिक राजतन्त्र निमिट्यान्न भएको हो। यो अभियानमा राज्य र विद्रोही पक्ष हत्याहिंसामा उत्रियो। ठूलो संख्यामा राज्यपक्षबाट र विद्रोही पक्षबाट पनि नागरिकको जीवन हरण भयो। १७ हजार नागरिकको सहादतको आँकडामा संघीयता, प्रदेशको अभ्यास थालनी भएको हो।

पछि आत्मनिर्णयको अधिकारसहित मधेश प्रदेशको मुद्दा उठान भएको हो। शुरूमा जनयुद्ध र पछि मधेशको पहिचानको आन्दोलन पनि भयो। आन्दोलनमा जनता अधिकारका लागि सडकमा आए भने राज्य दबाउने काममा उदत भयो। यही क्रममा मारिने तमाम नागरिकको सहादतले नै आज हामी संघ, प्रदेश र स्थानीय तहको अभ्यासमा छौं। प्रदेश सरकारहरू बनेका छन्। ससाना सेवाका लागि केन्द्र र राजधानीको भर पर्नु पर्ने दिनबाट मुक्त भएका छौं। प्रदेश सरकार जनताको सेवामा क्रियाशील भइरहँदा यो व्यवस्था परिवर्तनका लागि सहादत गर्नेहरूको नाम भर्खरै सरकारले सार्वजनिक गरेको छ। त्यसमा मधेशका ७ सय ९ नागरिकको नाम समेटिएको छ।

मधेशमा जनयुद्धकालमा परिवर्तनका लागि सबैभन्दा बढी सहादत दिने जिल्ला रौतहट बनेको छ भने कम क्षति भोगेको जिल्लामा पर्सा उल्लेख छ। सप्तरीका ४२, सिरहाका १ सय २०, धनुषाका १ सय ४०, महोत्तरीका ४८, सर्लाहीका ७८, रौतहटका १ सय ७८, बाराका ७२ र पर्साका ३१ जना नागरिकले जनयुद्धक्रममा जीवन उत्सर्ग गरेका थिए।

परिवर्तनको आरम्भमा भएको जनयुद्धपछि मधेश आन्दोलन पनि भयो। त्यसमा सहादत गर्नेहरूको मुद्दा सम्बोधनको चरणमा छ। अझै कयौं नागरिक मुद्दा खेपिरहेका छन्। बेपत्ताको सूचीमा पनि छन्। कयौं शरीरमा गोली बोकेर बाँचेका छन्। ती सबैको सामाजिक पुनर्एकीकरणका कामहरू प्रक्रियामा छन्। कतै केही नतिजा निस्केको छ, कतै केही भएको छैन। यद्यपि परिवर्तनका लागि जीवन उत्सर्ग गर्नेहरूमध्ये ५ सय ८२ जनाको परिवारले बल्ल जनही एक लाख रूपैयाँका दरले राहत पाएका छन्। बाँकीले पनि विस्तारै पाउलान्।

उसो त भरणपोषण तथा छात्रवृत्तिसम्बन्धी कार्यविधि २०७९ अनुसार जनयुद्ध तथा मधेश आन्दोलनका सहिद परिवारलाई मासिक २१ हजार रूपैयाँका दरले जीवनयापनका लागि र उनीहरूको सन्ततिका लागि उपलब्ध गराउने भनिएको छात्रवृत्तिको योजना कार्यान्वयन भएको छैन। अर्काटिर सहिदका नाममा वितरण भइरहेको रकम पारदर्शी नभएको गुनासो पनि आइरहेको छ।

मधेश सरकारले गरेको प्रयास आफैँमा सह्रानीय छ तर करोडौं रकम वितरण भइरहँदा सहिद परिवारको सदस्यको हातमा नपुगेको भनेर आउने गरेको गुनासोप्रति समवेदित हुँदै लक्षित वर्गमा राहत पुऱ्याउने काममा एकाग्र हुनुपर्छ। केन्द्र सरकारका तथ्यांकहरू गलत छन् र गलत व्यक्ति तथा समूहले फाइदा उठाइरहेका छन् भने यसतर्फ पनि सचेतता अपनाउन जरूरी छ। जो परिवर्तनमा होमिए, जीवन सकाए, उनीहरूका परिवार परिपूरणबाट अलग गराइनु पनि राजनीतिक अपराध हो।

# लोकतन्त्रका महान योद्धा गिरिजाप्रसाद कोइराला



– राजेश्वर नेपाली

*पार्टी भित्रको कोइराला र कृष्णप्रसाद भट्टराईको समूह बीच बढ्दै गएको अविश्वासले एकै पटक ६ जना मन्त्रीलाई उहांले हटाउनु भएको थियो र त्यसले दुबै समूह बीचको खाडल अझ बढेर ७४ र ३६ को विभाजनमा पुगेर बहुमतको सरकार सदनमा पराजित हुन पुगेको थियो। परिणामतः मध्यावधि निर्वाचन २०५१ सालमा भयो र कांग्रेस दोश्रो स्थानमा पुगेपछि नेकपा एमालेको अल्पमतको सरकार मनमोहन अधिकारीको नेतृत्वमा बनेको थियो।*

नेपालको लोकतान्त्रिक आन्दोलनका शिखर पुरुष महान क्रान्तिकारी गिरिजा प्रसाद कोइरालाको पार्थिव शरीर अब नरहेतापनि उहांले लोकतन्त्रको लागि गर्नु भएको योगदानको लागि उहां नेपाली इतिहासमा सदैब महत्वपूर्ण राजनेताका रुपमा स्मरणीय रहिरहनु हुनेछ। उहांको तेह्रौं पुण्यतिथिको अवसरमा हार्दिक श्रद्धांजलि अर्पण गर्दछौं।

२००३ साल फाल्गुण २० गते (४ मार्च १९४७ ई.) को दिन विराटनगर जूट मिलका मजदूरहरुका सुविधाको मांग गर्दै मिल प्रशासनलाई दिइएको ज्ञापनपत्र साथ राजनीतिमा सकृय हुनु भएका मजदूर नेता गिरिजा प्रसाद कोइरालाको नेतृत्वमा नेपालको इतिहासमा प्रथम पटक मजदूर आन्दोलन भएको थियो। एक साता पछि नेपाली राष्ट्रिय कांग्रेसको कार्यबाहक सभापति वी.पी. कोइराला विराटनगर पुगेर आन्दोलनलाई चर्काएपछि चैत्र ११ (२५ मार्च) को दिनमा वी.पी. कोइराला, गिरिजा प्रसाद कोइराला, तारिणी प्रसाद कोइराला, मनमोहन अधिकारी, युवराज अधिकारी, गेहेन्द्रहरि शर्मा आदि पक्राउ परी पैदल काठमाण्डौं पुऱ्याएका थिए। त्यस बेला उहां दुई वर्ष जेलमा बस्नु भएका थिए।

२००७ सालको जनक्रान्तिको बेला नेपाली कांग्रेस मोरंगको सभापति रहेर मुक्ति सेनाको लागि हथियार संकलन गरी क्रान्तिको संचालन गर्नु भएका थिए। नेपाल ट्रेड यूनियन कांग्रेसको संस्थापक सभापति उहां नेपालको राजनीतिको आरंभिक दिनमा मजदूर नेताको रुपमा नै सुपरिचित हुनुहुन्थ्यो।

२०१७ साल वैशाखमा भएको नेपाली कांग्रेस महाधिवेशनपछि गठित केन्द्रीय समितिको सदस्य हुनु भएका उहां पुस १ मा लोकतन्त्रको हत्यापछि जेल पर्नु भएका थिए र साढे छ वर्ष लगातार नक्खू जेलमा रहनु भएका थिए।

२०२४ सालमा काठमाण्डौंमा जेल मुक्त भएपछि नेता गिरिजा प्रसाद विराटनगर पुग्नु अगाडि चैत्र ७ गते प्लेनबाट जनकपुरधाम पुग्नु भयो र तीन महिना पूर्व निधन हुनु भएका महोत्तरीका लोकप्रिय नेता लौहपुरुष रामनारायण मिश्रको गंगासागरको पूर्वी डिलमा रहेको दाह संस्कार स्थल (अनिर्मित स्मारक) मा पुष्पांजलि अर्पित गर्नु भएर दोश्रो दिन ८ गते जनकपुर रेलबाट जयनगर हुँदै जोगवनी भएर जानु भएका थिए।

त्यस बेला जनकपुरधाममा पत्रकारका रुपमा म मात्र थिए जो उहांलाई भेटेका थिए र उहांले पुष्पांजलि अर्पित गर्नु भएका समाचार उस बेला पटनाको नेपाल सन्देशमा प्रकाशित भएको थियो।

२०२५ सालमा वी.पी. र गणेशमान सिंह जेल मुक्त भएपछि भारतमा निर्वासित हुंदा उहांपनि साथ हुनु भयो र सशस्त्र आन्दोलनलाई कमाण्डर भएर बढाउनु भएका थिए। २०३० सालको विमान अपहरण काण्डको उहां नेतृत्व गर्नु भएका थिए।

२०३३ सालमा वी.पी. र गणेशमान जी राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फर्कदा पनि उहां भारतमै निर्वासित रहनु भयो र २०३७ सालको राष्ट्रिय जनमत संग्रह मतदान पूर्व राजनीतिक कारणले निर्वासित रहेका सबैले माफी पाएपछि उहां स्वदेश फर्कनु भएका थिए। वी.पी. स्वदेश फर्कदा उहांको गिरफ्तारी निश्चित रहेकोले उहांले गिरिजा प्रसाद कोइराला र परशुनारायण चौधरीलाई पार्टीको महामन्त्री घोषित गर्नु भएका थिए।

२०३९ श्रावण ६ मा वी.पी. को निधन पछि कृष्ण प्रसाद भट्टराई कार्यवाहक सभापति हुनु भयो र गणेशमान सिंह सर्वमान्य नेता तथा गिरिजा प्रसादको काँधमा थप जिम्मेवारी



आयो र देश भ्रमण क्रममा सूरजपुरामा उहांको हत्याको दुष्प्रयास भएको थियो।

२०४२ सालको सत्याग्रहमा उहांलाई गिरफ्तार गरी काठमाण्डौं जिल्ला प्रहरी कार्यालयको माथिल्लो तल्लाको हिराशतमा राखियो। त्यसकै पहिलो तल्लामा तथाकथिम बम काण्डको अनुसन्धानको नाममा म राजेश्वर नेपाली समेत जनकपुरका १४ जना हिराशतमा राखिएका थियौं र हामी मध्येका डा. लक्ष्मी नारायण झा समेत सात बेपत्ता पारिएका थिए।

२०४६ सालमा गणेशमान सिंहको नेतृत्वमा भएको जनआन्दोलनले तीस वर्षको तानाशाहीको अन्त भएर पुनर्स्थापित बहुदलीय व्यवस्थामा भएको २०४८ सालको आम निर्वाचनमा उहां मोरंग १ र सुनसरी ३ गरी दुई निर्वाचन क्षेत्रबाट विजयी हुनु भयो भने अंतरिम प्रधानमंत्री कृष्ण प्रसाद भट्टराई काठमाण्डौं १ बाट पराजित हुनु भएपछि उहां नेपाली कांग्रेस संसदीय दलको सर्वसम्मत नेता हुनु भएका थिए।

२०१६ सालको प्रथम जनिर्वाचित वी.पी. कोइरालाको सरकार पछि २०४८ साल जेष्ठ १५ मा नेपाली कांग्रेसको जनिर्वाचित सरकारको उहां प्रधानमंत्री हुनु भएका थिए।

पार्टी भित्रको कोइराला र कृष्णप्रसाद भट्टराईको समूह बीच बढ्दै गएको अविश्वासले एकै पटक ६ जना मन्त्रीलाई उहांले हटाउनु भएको थियो र त्यसले दुबै समूह बीचको खाडल अझ बढेर ७४ र ३६ को विभाजनमा पुगेर बहुमतको सरकार सदनमा पराजित हुन पुगेको थियो।

परिणामतः मध्यावधि निर्वाचन २०५१ सालमा भयो र कांग्रेस दोश्रो स्थानमा पुगेपछि नेकपा एमालेको अल्पमतको सरकार मनमोहन अधिकारीको नेतृत्वमा बनेको थियो। २०५३ सालमा नेपाली कांग्रेसको सभापति निर्वाचित भएपछि उहांले २०५५ सालमा संयुक्त सरकारको नेतृत्व गर्नु भयो र नेपाली कांग्रेसलाई २०५६ सालको निर्वाचनमा पुनः बहुमतमा ल्याएर कृष्णप्रसाद भट्टराईलाई प्रधानमंत्री बनाउनु भएका थिए। तर कोइराला र भट्टराई समूह बीचको दूरी समाप्त हुन न सकेर देश अगाडि बढन पाइराखेको थिएन र अन्ततः २०५६ चैत्र ८ गतेमा भट्टराईको राजीनामा पछि उहां फेरि प्रधानमंत्री हुनु भएका थिए। तर आपसी घातप्रतिघात जारी नै रह्यो।

त्यसैबीच २०५८ जेष्ठ १९ गतेको दरवार हत्या काण्डमा राजा वीरेन्द्र सपरिवार मारिएपछि पनि हत्यारालाई सार्वजनिक गर्न नसकिएपछि उहांले पार्टी भित्रको दवावमा राजीनामा गर्नु परेको थियो र उहांले पार्टीलाई सुदृढ गर्नेतिर लाग्नु भएका थिए।

दरवार हत्याकाण्ड पछि सत्तासिन हुन पुगेका ज्ञानेन्द्रले प्रधानमंत्री कोइरालालाई सुनको असर्फी चढाउंदा हांसेको दृश्य महाभारतमा द्रोपदीले दुर्योधनलाई भने जस्तै हुन पुगेको थियो र त्यसैबेलादेखि राजतन्त्रको समाप्तिका कुरा उहांको मनमा खेल्न थालेको थियो।

२०५९ सालको आरंभमा प्रतिनिधि सभाको बैठक आरंभ हुने अघिल्लो दिन प्रधानमंत्री शेरबहादुर देउवाद्वारा प्रतिनिधि सभा विघटन पछि नेपाली कांग्रेसमा फेरि विभाजन आएको थियो। परिणामतः २०५९ आश्विन १८ मा राजा ज्ञानेन्द्रले हुँदै नभएको अधिकार प्रयोग गरी जननिर्वाचित प्रधानमंत्री देउवालाई बर्खास्त गर्नुको साथै २०१७ पुस १ दोहराउँदै आफ्ना हातमा शासन लिएका थिए।

राजाको प्रतिगमन विरोधी आन्दोलनको नेतृत्व गर्दै सात पार्टीको सर्वमान्य नेता हुन पुग्नु भएका उहांले २०६० साल कार्तिक २६ गते (क्रान्ति दिवसको ऐतिहासिक दिनमा) शहीदभूमि जनकपुरधामको तिरहुतिया गाछी मैदानको आम सभामा अबको संघर्ष तानाशाह राजा र लोकतन्त्रको बीचमा रहेको उद्घोष गर्नु भएका थिए।

२०६२/०६३सालको जनआन्दोलनको नेतृत्व गर्दै २०६३ वैशाख ११ गते प्रतिनिधि सभाको पुनर्स्थापनापछि त्यसको पहिलो बैशाख १५ गतेको बैठकले गिरिजा प्रसाद कोइरालालाई सर्वसम्मत नेता चुनियो र उहां चार वर्षपछि पुनः प्रधानमंत्री हुनुभयो। जेष्ठ ४ मा प्रतिनिधि सभाको घोषणा पत्रद्वारा राजालाई निलम्बन गरेपछि उहां राष्ट्र प्रमुख पनि हुनुभयो। उहांले संविधान सभाको निर्वाचन गराएर नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषित गराउनु भयो र नेपालमा प्रथम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गराएर देशलाई पूर्ण गणतन्त्र बनाएर संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान लेखन तथा माओवादीसित तीन वर्ष पूर्व २०६३ मार्ग ५ मा गर्नु भएको शान्ति सम्झौता कार्यान्वयन गरेर बन्दुकधारी माओवादीलाई शान्ति प्रकृयामा ल्याएर सत्तासम्म पुऱ्याएपछि उहां नेपालका सर्वमान्य नेता हुन पुगेका थिए। राष्ट्र प्रमुखकै रुपमा उहांले २०६५ वैशाख २१ गते नेपाल पत्रकार महासंघको महाधिवेशनको अवसरमा प्रेस स्वतन्त्रता सेनानी सम्मानबाट मलाई सम्मानित गर्नु भएका थिए र उहांले गर्नु भएका भला कुसारी त्यस बेला चर्चित बनेको थियो।

त्यसैले १३ वर्ष पूर्व उहांको दुःखद निधनमा जीवनमा उनको विरोधीको रुपमा देखिनु भएको पूर्व प्रधानमंत्री कृष्णप्रसाद भट्टराईले उनको निधनलाई देशको लागि अपुरणीय क्षति बताउनु भएको थियो। त्यस्तै पूर्व प्रधानमंत्री एनेकपा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले उनको निधनमा दुःख प्रकट गर्दै उहांले गर्नु भएको संभौता अनुरुप शान्ति प्रक्रियालाई तारकिक निष्कर्षमा पुऱ्याउनु नै उहांप्रतिको सच्चा श्रद्धाञ्जलि भन्नु भएको भए ता पनि त्यस अनुसार अहिले सम्म काम हुन नसकेकाले देश अस्थिरको अवस्थामा रहेका बताउनु भएको थियो।

यस धराधाममा आउने सबले एक दिन जानै पर्दछ १९८० साल आषाढ २१ मा जन्मनु भएका उहांको ८७ वर्ष को उमेरमा २०६६ चैत्र ७ गते निधन भइसकेको ले हामी उहांको स्वर्गीय आत्मालाई जानकी माताले शान्ति प्रदान गरुन् भनि हार्दिक श्रद्धांजलि अर्पण गर्दै उहांले लोकतन्त्रको लागि आफ्नो जीवनको तीन चौथाई भाग निकै दुःख र कष्ट सहेर पनि बिताउंदा लोकतन्त्रप्रतिको प्रतिवद्धता छाड्नु भएन र संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई घोषित गराएपनि मधेश तथा आदिवासी, जनजाति आदि आन्दोलनको भावना अनुरुपको संविधान घोषित न भएकोले विभिन्न आन्दोलन हरु हुँदै रहेकोले हरेक सर्वाभौम नेपाली जनता मधेशी, आदिवासी, जनजाति, दलित र विछडावर्गको समुजित विकास हुने गरि संविधान संशोधन गराई संघीय लोकतान्त्रि गणतन्त्रलाई सवल वनाउनुको लागि आज उनका उत्तराधिकारीहरु नेका सभापति शेरवाहादुर देउवा,प्रम केपी ओली,पुष्पकमल दहाल प्रचण्ड समेतकाले मधेशी समेतका सम्पूर्ण नेपालीहरुलाई अगाडी वढनु पर्ने आज सबैको जिम्मेवारी हुन आएको छ।

rajeshwarnepali@gmail.com

# लघुवित्तमा ऋण तिर्न ऋणै लिनु पर्ने बाध्यता



रेसुङ्गा, ६ चैत

गुल्मीको धुर्कोट गाउँपालिका-६ की विजुला परियार हाल चार वटा लघुवित्त संस्थामा आबद्ध छन् । उनको हाल यी संस्थामा कूल १३ लाख ऋण छ। परियार पहिले एक लघुवित्तमा मात्र आबद्ध थिए। सो लघुवित्त संस्थाबाट ऋण लिएपछि त्यही ऋण तिर्न एकपछि अर्को गर्दै लघुवित्तमा आबद्ध भए। यसरी एउटा संस्थाबाट ऋण लिएर अर्कोमा तिर्दा न पहिलेको चुक्ता हुन सक्यो, न पछिल्लोमा भार घट्यो । ऋण तिर्न लिएको ऋणमध्येको केही परियारले घरखर्चसमेत चलाए । अहिले परियार आफूले ऋण तिर्न ऋण लिएपछि ऋणको चङ्गुलमा परेको स्वीकार गर्नुहुन्छ।

"उद्यमशीलतातर्फ लगानी गर्ने ध्यान भएन", उनी भन्छन, "हिलोले हिलो पखाल्दा कहिल्यै सफा भएन ।" उनले ऋण लिएर ऋण तिर्दा ऋणबाट उम्कन नसकेको बताए ।परियार हाल धौलागिरि, माइक्रो, चौतारी र सूर्योदय गरी चार वटा लघुवित्त संस्थामा आबद्ध छन् । एकल महिला भएकाले सुरूमा खुसी भएर संस्थामा लाग्नुभएकी उनले लिएको ऋण कुनै व्यवसायमा लगाएनन । उनले ऋण लिएर घरखर्च, बिरामी र अर्को सहकारीको ऋण तिरे । एकबाट ऋण लिएर अर्कोमा तिर्दा ऋणको घेराबन्दीमा आफू परेको परियारको भनाइ छ।

जिल्लाकै छत्रकोट गाउँपालिका-२ की जमुना सोमरे पनि हाल सात वटा लघुवित्त संस्थामा आबद्ध छन् । गत असारमा पाँच वटाको ऋण जेनतेन चुक्ता गरे पनि दुई लघुवित्तलाई तीन लाख रुपैयाँ तिर्न बाँकी छ। उहाँको समस्या पनि उही हो। "पहिले लिएको ऋण बिरामी परेपछि खर्च भयो", उनले भने , "पछिल्ला संस्थाको ऋण अघिल्ला संस्थाको तिर्दातिर्दै बाँकी रह्यो ।" कुनै व्यवसाय नभई ऋण तिर्न ऋण लिँदाको परिणाम आफूले भोगेको सोमरेको भनाइ छ। गुल्मी दरबार गाउँपालिका-४ की रेमकला पेमीले पनि आठ वटा लघुवित्तबाट ऋण लिएका छन्। ऋण लिएर चार लघुवित्त संस्थामा तिरे पनि रु पाँच लाख ऋण बाँकी छ। पेमीसँग ऋण तिर्ने अब कुनै उपाय रहेन । कुनै उद्यमशीलतामा लगानी गर्ने नभई घरखर्चको जोहो गर्न ऋण लिएको पेमी सम्झनुहुन्छ। उनी अहिले निस्कनै नसकिने ऋणको तलाउमा डुबेका छन् । "रातमा निद्रा न दिउँसोमा भोक तिर्खा छ", उनले भने , "चाहेर पनि लघुवित्तबाट उम्कन सकिएन ।" ऋण लिएपछि लगानीको बाटोमा नभई ऋण तिर्नेतर्फ केन्द्रित भएको उहाँको भनाइ छ।

धुर्कोट गाउँपालिका-६ का राजन भण्डारी दुवै खुट्टा राम्रोसँग टेक्नु हुन्न । दुई लठ्ठीको सहारामा यताउता गर्ने भण्डारी लघुवित्तको ऋणले हल न चल भएको छ । उनले गाउँभर ऋण खोजेर लघुवित्तमा तिर्दा पनि बाँकी रु तीन लाख ऋण छ ।उतिबेला घरमै सदस्य बनाउन लघुवित्त आएपछि उहाँ खुसीले गद्गद् भए। ऋण पाउने भएपछि झनै हर्षका आँशु खसे । तर, ऋण तिर्न ऋण लिएको परिणामले राजनका आँखामा आँशु ओभाएका छैनन् । "लघुवित्तको ऋण तिर्न गाउँभर डुलेँ", उनी भन्छन्, "गाउँका कुनै व्यक्तिले पनि पत्याएन् न त लघुवित्त संस्था नै अब कर्जा दिन तयार छ। अब मेरो ऋण तिर्ने उपाय छैन् ।" ऋण लिएर ऋण तिरेपछि समस्या बल्झिँदै गएको उनको भनाइ छ।

गुल्मी दरबार गाउँपालिका-१ की गोटेली सिञ्जाली र वडा नं ४ की हुमकला घर्ती पनि सोही समस्याबाट पीडित छन् । उनीहरू पनि पाँचभन्दा बढी लघुवित्तमा आबद्ध छन्।

ऋण नतिर्ने डरका कारण लघुवित्तले तमसुक बनाइदिएको छ। ऋण तिर्न ऋण लिएपछि ऋणको चङ्गुलमा परेको उहाँहरू स्वीकार गर्छन ।यो समस्याबाट जिल्ला धेरै व्यक्ति गुज्रिएका छन् । गुल्मी जिल्लामा मात्र १० हजारभन्दा बढी महिला यो समस्याबाट ग्रसित रहेको बताइएको छ। गुल्मीमा २८ लघुवित्त संस्थाले झन्डै एक अर्ब रुपैयाँ लगानी गरेका छन्। यो लगानी उठ्नुको सट्टा ऋण नतिर्ने भन्दै आन्दोलन चर्किन थालेको छ। सामान्य समस्यालाई बहाना बनाएर ऋण मिनाहाको माग गर्दै आन्दोलन गर्नेक्रम निरन्तर बढिरहँदा ती लघुवित्त संस्था पनि ठूलो आर्थिक सङ्कटमा फसेका छन् । अधिकांश ऋणी अहिले आफूहरुको ऋण मिनाहा हुनुपर्ने माग गर्न थालेका छन्।

लघुवित्तसम्बन्धी हालको समस्या आउनुमा त्रिपक्षीय त्रुटी छ । ऋणी, लघुवित्त र स्थानीय तहको गैरजिम्मेवारीपनले समस्या विकराल बनेको देखिन्छ । ऋणीहरू व्यावसायिक योजना नबनाइ ऋण लिने, ऋण लिएर ऋण तिर्ने र घरखर्च गर्नाले लघुवित्तको समस्या बढ्दै गएको हो । लघुवित्तले ऋण लैजान अनिवार्य गर्ने, पारिवारिक सहमतिबिना दिने र उद्यमशीलतामा लगानी नगरे पनि हुने गर्नाले समस्या भएको हो। स्थानीय सरकारले ग्रामीण भेगका महिलालाई आम्दानीमूलक कार्यक्रमका तालिम नदिने, लघुवित्तको जबर्जस्तीपनलाई बेवास्ता गर्नाले समस्या थप बढेको जानकारहरु बताउँछन्।

यतिबेला देशभर लघुवित्तलाई गलत देखाउँदै ऋण नतिर्नका लागि देशव्यापी मोर्चासमेत बनेको छ। लघुवित्तविरुद्धको सङ्घर्ष समिति नेपालको अध्यक्ष बनेर गुल्मीका मनिराम ज्ञवाली ऋण मिनाहाको माग गर्दै हिँड्का छन् । उनी ऋण नतिर्नका लागि निरन्तर आन्दोलनमा छन्। लघुवित्तले राष्ट्र बैंकको निर्देशिका बाकसमा च्यापेको ज्ञवालीको आरोप छ । "ऋण लिएपछि तिनुपर्छ भन्ने थियो", उनले भने , "लघुवित्तको अन्यायपूर्ण ऋण मिनाहा हुनैपर्छ ।" लघुवित्तले ग्रामीण महिलालाई आर्थिक र सामाजिक शोषण गरेको उनको आरोप छ। उनकै नेतृत्वमा केही दिन अगाडि गुल्मीको सदरमुकाम तम्घासमा जिल्लाभरका महिला जम्मा भएर आन्दोलन समेत गरेका थिए।

गुल्मीको एक लघुवित्तका सञ्चालक अर्जुन आचार्यले ऋण लिएपछि ऋण तिर्नैपर्ने बताउछन्। "समस्याको पहिचान हुनुपर्छ", उनले भने , "कमजोरी होलान् तर नकारात्मकरुपले अगाडि बढेर भएन ।" उनले ऋणी र लघुवित्तका खास समस्याबारे स्थानीय तहले चासो दिनु सकारात्मक रहेको बताए । धुर्कोट गाउँपालिकाले लघुवित्त संस्था र ऋणीको खास समस्याबारे पहलकदमी काम गरेको छ । 'आत्महत्या होइन उद्यमशीलता-ताला चाबी होइन खेतबारी हरियाली' भन्ने अभियानका साथ ऋणी र लघुवित्त संस्थाबीच गाउँपालिकाले छलफल गरेको पालिका अध्यक्ष भूपाल पोखरेलले बताए । "समस्या लघुवित्त संस्था र ऋणी दुवैमा रहेछ", उनले भने , "कृषि र पशुपालनको उद्यमशीलतामा ऋणी केन्द्रित हुनुपर्र्छ ।" उनले आफूहरूले पनि उद्यम गर्ने गरी तालिम प्रदान गर्नेलगायतका कार्यक्रम ल्याउने बताए।

लघुवित्त संस्थाले ब्याजदर घटाउने, पारिवारिक सहमतिमा ऋण दिने, ऋण तिर्न ऋण नदिने, व्यावसायिक योजना बनाउनेलाई मात्र ऋण दिनेलागयतका काम गर्नुपर्ने तथा ऋणीले पनि व्यवसायमा लगानी गर्ने, ऋण लिएर फजुल खर्च नगर्ने र समयमै किस्ता र ब्याज तिर्नुपर्ने साथै ऋण लिएर ऋण तिर्ने परिपाटीको अन्त्य गर्ने सम्झौता भएको छ। यसमा स्थानीय तहले ऋणीलाई उद्यमशील बनाउन तालिम दिने, उत्पादित वस्तुको बजारीकरण गर्ने, सीपमूलक तालिम र औजार वितरण गर्ने गरी त्रिपक्षीय सहमति भएको हो।

लघुवित्त संस्थाका प्रमुख तथा प्रतिनिधि र ऋणीले संयुक्त हस्ताक्षर गरेर धुर्कोट गाउँपालिकामार्फत नेपाल सरकारलाई समेत अनुरोध गरेका छन्।

भेलामा उपस्थित ४० जनाले हस्ताक्षर गरेर लघुवित्त संस्थाका कानुन संशोधन गर्ने, एक पालिकामा एक लघुवित्तले मात्र लगानी गर्ने, विपन्न परिवारलाई सस्तो दरमा ऋण दिने, लघुवित्तको अनुगमन स्थानीय तहलाई दिने, ग्रामीण क्षेत्रमा लगानीको ब्याजदर एक अङ्कमा झार्ने, प्राकृतिक प्रकोप र जटिल रोगबाट ग्रसित परिवारको ऋण मिनाहा गर्नुपर्ने भन्दै ऋणी, लघुवित्त र गाउँपालिकाले संयुक्त अनुरोध गरेका हुन् ।रासस

# नेप्से परिसूचकमा दोहोरो अंक वृद्धि



काठमाडौँ, ६ चैत

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार दोहोरो अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २२ दशमलव ६५ अङ्कले उकालो लागेर एक हजार नौ सय ४९ दशमलव शून्य छ मा पुगेको छ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ९७ अङ्कले उकालो लागेर तीन सय ६६ दशमलव २३ मा पुगेको छ। कारोबार भएका कूल १३ उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ।

कूल ५२ लाख ५५ हजार ८६ कित्ता शेयर रू एक अर्ब २९ करोड ८५ लाख ८३ हजार नौ सय ८८ मूल्यमा खरिद बिक्री भएका छन्। नेप्सेका अनुसार कारोबारका आधारमा आइएमई जनरल इन्स्योरेन्स कम्पनी शीर्ष स्थानमा छ। सो कम्पनीको रू सात करोड ६३ लाख ९२ हजार चार सय ४२ बराबरको कारोबार भयो । साथै एनआइसी एशियाको रू छ करोड १९ लाख ९५ हजार नौ सय २२, सिटिजन बैंकको संस्थापक शेयर रु पाँच करोड ८५ लाख २७ हजार एक सय, शिवम् सिमेन्ट रु चार करोड १३ लाख ७७ हजार पाँच सय दुई र हिमालयन डिस्टिलरी रु तीन करोड ४२ लाख ६२ हजार आठ सय २० बराबरको शेयर कारोबार भएको छ।

सोमवारको कारोबारमा युनिक नेपाल लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको छ । न्यादी हाइड्रोपावर सात दशमलब ७३,नयाँ सारथी लघुवित्त छ दशमलव १८, मानुषी लघुवित्त पाँच दशमलव ६७ र विन्दवासिनी हाइड्रोपावरको शेयर मूल्य चार दशमलव ७७ प्रतिशतले बढेको छ।

साथै सपोर्ट माइक्रोफाइनान्स पाँच दशमलव ३६, स्वाभिमान लघुवित्त चार दशमलव ७२, सानिमा ग्रोथ स्किम चार दशमलव ४५, विन नेपाल लघुवित्त चार दशमलव शून्य आठ र लक्ष्मी इक्विटी फण्डको शेयर मूल्य तीन दशमलव ८५ प्रतिशतले घटेको छ ।रासस

# विमानस्थल भन्सार राजश्वमा ४० प्रतिशत कमी

काठमाडौँ, ६ चैत




त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले चालु आर्थिक वर्षको आठ महिनामा करिब रू १२ अर्ब भन्सार राजस्व सङ्कलन गरेको छ । जुन लक्ष्यको ५९ दशमलव ०२ प्रतिशत हो।

विमानस्थल भन्सार कार्यालयले चालु आवको फागुनसम्म रू १९ अर्ब ९५ करोड ५१ लाख ८१ हजार भन्सार उठाउने लक्ष्य लिएकोमा सो अवधिमा रू ११ अर्ब ७७ करोड ६६ लाख ३८ हजार ३४ बराबर राजस्व सङ्कलन गरेको हो। कार्यालयले चालु आवमा रू ३० अर्ब ७२ करोड ३५ लाख ३२ हजार राजस्व सङ्कलन गर्ने वार्षिक लक्ष्य लिएको छ।

फागुनमा मात्रै रू दुई अर्ब ७३ करोड ५० लाख ६४ हजार बराबर राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा रू एक अर्ब ७२ करोड ९४ लाख ४४ हजार मात्रै सङ्कलन भएको कार्यालयको भनाइ छ।

फागुनमा सङ्कलन भएको राजस्व लक्ष्य ६३ दशमलव २३ प्रतिशत समीक्षा अवधिमा कार्यालयले सबैभन्दा बढी राजस्व मूल्य अभिवृद्धिकर शीर्षकमा उठाएको छ। उक्त शीर्षकमा कार्यालयले रू पाँच अर्ब ९१ करोड ९६ लाख ५५ हजार बराबर राजस्व उठाएको छ। साथै पैठारी (विदेशी वस्तुको आयात) शीर्षकमा रू चार अर्ब ६० करोड २४ लाख ४८ हजार र अन्तःशुल्क शीर्षकमा रू एक अर्ब १९ करोड २५ लाख ५७ हजार सङ्कलन गरेको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत नारद गौतम पछिल्लो समय व्यवसायीले आयातमा चासो नदेखाउँदा भन्सार राजस्व सङ्कलनमा कमी आएको बताउनुभयो । उहाँका अनुसार सरकारले विभिन्न वस्तुको आयातमा गरेको कडाइ, तरलता अभाव लगायतका कारण पछिल्लो समय भन्सार राजस्व घटेको हो ।रासस

# शीतभण्डार अधुरै, किसानका सपना अपुरै

महोत्तरी, ६ चैत

बर्दिबास नगरपालिकाका किसानले शीतभण्डार सञ्चालनको माग गरेका छन्। चिस्यानघर तयार भएपछि तरकारी र फलफूल उत्पादन भण्डारण गरेर मागका बेला राम्रो मूल्यमा बेच्ने आशमा उनीहरु छन् । काम थालिएको चार वर्ष नाघ्दासम्म निर्माण सम्पन्न नभएपछि यहाँका किसानमा यो कहिले बनीसक्ने हो भन्ने कौतुहलता बढेको छ। "यो त तीन वर्षभित्र सञ्चालन भइसक्ने कुरा थियो", निर्माणाधिन चिस्यानघरतर्फ देखाउँदै बर्दिबास-६ का किसान विनोद ठाकुर भन्नुहुन्छ, "खै सञ्चालनको अत्तोपत्तो देखिँदैन", चार वर्षअघि ९२०७५० मा निर्माण थालिएको चिस्यानघर तीन वर्षभित्रै सञ्चालन भइसक्ने त्यतिखेरै बताइए पनि यो काम अझै सम्पन्न नभइसक्दा आम किसानमा यसबारे चासो बढेको हो। बर्दिबास २, ६ र ८ को मध्यमा रातु नदी उकास जग्गाको 'मोडल एग्रो भिलेज' क्षेत्रभित्र निर्माणाधीन चिस्यानघर देखाउँदै जोडिएकै बर्दिबास-८ हात्तीलेट बस्तीका भोला श्रेष्ठ भन्छन्, "शीतभण्डारमा उत्पादन थन्क्याएर मागका बेला झिकेर बेच्ने आश पूरा हुन्न कि क्या हो ?" यसअघि २०७५ सालमा तत्कालीन नगरप्रमुख विदुरकुमार कार्कीले थालेकोनगरकोमहत्वाकांक्षीयोजना बर्दिबास मेयर कृषि कार्यक्रमको 'मोडल एग्रो भिलेज' क्षेत्रभित्रै चिस्यानघर निर्माण थालिएको हो । गत वैशाखमा स्थानीयतहको निर्वाचनले नयाँ नेतृत्व आएपछि यो योजनाले प्राथमिकता नपाएको हो कि भन्ने अहिले नगरवासीमा संसय देखिन्छ। "यो कृषि गाउँ ९मोडल एग्रो भिलेज० र यसभित्रका संरचना कहिले तयार होलान् भन्ने कौतुहलता छ", बर्दिबास-९ का पूर्ववडाध्यक्ष टेकवीर रखाल भन्छन्, "सिङ्गो मधेस प्रदेशकै लागि नमूना बन्ने यो कामलाई अहिलेको नगर नेतृत्वले ध्यान दिनपर्छ ।" कूल रु २२ करोडको अनुमानित लागतमा निर्माण थालिएको चिस्यानघरमा तीन हजार मेट्रिक टन कृषि उत्पादन भण्डारण गर्ने क्षमता हुने इष्टिमेटमा उल्लेख छ। फरकफरक १२ प्रकारले कृषि उत्पादन सुंरक्षण गर्न सकिने (फरक फरक कृषिउपजको भण्डारण गरिँदा तिनलाई चाहिने तापमान फरक हुन्छ, यसरी यो निर्माणाधीन चिस्यानघरमा फरकफरक १२ प्रकृतिले सुरक्षण गर्न सकिने उल्लेख छ) यो चिस्यानघरसँगै पशु प्रजनन प्रयोजनको वीर्य बैंक र पूर्वउपचारका लागि खोप बैंक रहने निर्माण प्रस्तावमा उल्लेख छ। अत्याधुनिक चिस्यानघर निर्माणले कृषि उत्पादन यहाँ भण्डारण गरेर उच्च मागको बेला बजार पुऱ्याउन सकिने अवस्था सुनिश्चित गर्ने र अपेक्षित मूल्य पाइने किसानले आश सँगालेका छन् तर निर्माण कार्यको गति निकै सुस्त हुँदा यो कहिले बनीसक्ने हो भन्ने चिन्ता बढेको बर्दिबास-२ का किसान उमेश आचार्य बताउछन् । "उत्पादित कृषि फसल बजार पुऱ्याएर कौडीमा दाममा दिनुपरेको छ", बर्दिबास-९ पशुपतिनगरका किसान जवाहर महतो भन्छन, "अब भने बल्ल शीतभण्डार (चिस्यानघर, कोल्डस्टोरेज) बन्ने भएछ भन्ने लागेको थियो, तर खै काम नै अघि बढेको देखिन्न", चिस्यानघरमा उत्पादित कृषि फसल भण्डारण गरेर बजारमा माग बढेका बेला निकाल्दा राम्रो मूल्य पाउने जवाहरसहितका किसानले आश सँगाल्दै आएका छन्।

चिस्यानघर निर्माणको काम अहिले पनि प्राथमिकतामै रहेको हालका नगरप्रमुख प्रह्लादकुमार क्षत्री बताउछन् । "हामी ९अहिलेको जनप्रतिनिधि टिम० ले काम थालेको त १० महिना त भयो, सुरुका केही दिन अलमल भए पनि हामीले बर्दिबास कृषि कार्यक्रमको मोडल एग्रो भिलेज र चिस्यानघर निर्माणको कामलाई प्राथमिकतामै राखेका छौँ", नगरप्रमुख क्षत्री भन्छन्, "चालु आर्थिक वर्ष ९२०७९/०८०० मै यो योजनामा रु ५० लाख विनियोजित छ, कहिलेकाहीँ दक्ष जनशक्ति घटबढ हुँदा काम गतिमा बढ्न नसकेको भने हो", मोडल एग्रो भिलेजको कामले अब गति लिने क्षत्रीको भनाइ छ । "हामी मोडल एग्रो भिलेजको कामलाई बढाउँदैछौं, चिस्यानघर यसैको अंश त हो", क्षत्रीले भने। कूल रु २२ करोड अनुमानित लागत ९२०७५ को० मा निर्माण थालिएको चिस्यानघरको बाहिरी संरचना निर्माण भइसकेको छ । यसमा हालसम्म रु छ करोड खर्च भएको नगर कार्यपालिकाको कार्यालयले जनाएको छ । नगर कार्यपालिका कार्यालयले २०७५ मै मेयर कृषि कार्यक्रम ९अब बर्दिबास कृषि कार्यक्रम० सञ्चालनका लागि छुट्ट्याएको बर्दिवास २, ६ र ८ नम्बर वाडमा पर्ने एउटै प्लटमा ८४ बिघा जग्गा छ। सोही जग्गाभित्र शीतभण्डार निर्माण गरिँदै छ। नगरमा बर्दिबास कृषि कार्यक्रमअन्तर्गतको मोडल एग्रो भिलेज नमूना कृषिस्थल बनाइने नगरपालिकाले जनाएको छ । यहाँबाट अभिलेखीय प्रणालीको कृषि व्यवस्थित गरिने छ।

"बर्दिबास कृषि कार्यक्रममा हामी नगरका सबै किसानलाई समेट्छौँ", नगरप्रमुख क्षत्री भन्छन्, "कुन किसानले कुन बाली कति क्षेत्रफलमा लगाउँदैछन् रु यो कति उत्पादन हुनसक्छ ? यसको अभिलेख खडा गरेर उत्पादित फसलको बजारसमेत पक्का गर्ने कार्यक्रमको उद्देश्य हो। "सिँचाइ, खादमल, बीउबिजन र बजार किसानसँग जोडिएका विषय र स्वस्थ्यकर विषादीरहित उत्पादन उपभोक्तासम्म पुऱ्याउने कुरालाई कार्यक्रममा समावेश गरिएको प्रमुख क्षत्रीले स्पष्ट पार्नुभयो। यसले चाँडै किसानका लागि सेवा दिने उनको भनाइ छ ।रासस

# वर्षात्ले ल्याएको खुशीमा असिना पर्दा पिर

गलेश्वर, ६ चैत

चैतको सुरुवातसँगै झन्डै छ महिनापछि माटो भिज्नेगरी वर्षा हुँदा खुसी भएका म्याग्दीका किसान शनिबार परेको असिना पानीले बाली नष्ट गरिदिँदा चिन्तित भएका छन् । लामो समयसम्म खडेरी परेका कारण हिउँदे खेतीबाली नसप्रेको अवस्थामा पाक्नै लागेको हिउँदेबालीसमेत असिनाले नाश गरिदिएपछि किसान चिन्तित भएका हुन् । म्याग्दीको बेनी नगरपालिका-३ भकिम्लीको चिनाखेत, डाँडाखानीलगायत जिल्लाका उच्च लेकाली क्षेत्रमा वर्षासँगै परेको असिनाले खेतीबालीमा क्षति पुऱ्याएको किसानले बताएका छन् । हिउँदे खडेरीमा दुःखले हुर्काएको बाली असिनाले चुटेर नष्ट गरिदिएको भकिम्लीका किसान भीमबहादुर थापाले बताए। शनिबार हिउँजस्तै जम्नेगरी असिना परेको र खेतबारीमा पाक्नै लागेको बाली सबै नष्ट गरिदिएको उनको भनाइ छ। खेतबारीमा लगाएको गहुँ, तोरी, केराउ, जौ, उवालगायत भित्र्याउने समय भएका हिउँदेबालीमा असिनाले क्षति गरेको छ। भर्खरै उम्रदै गरेको मकै, सिमी, आलु, काँक्रो, घिरौँला लगायतका तरकारी र बालीका बिरुवामासमेत क्षति पुगेको चिनाखेतका किसान श्याम पुनले बताए।

त्यसैगरी सुन्तला जातका फलफूल र केरा खेतीमा पनि असिनाले क्षति पुऱ्याएको छ । असिनाले गरेको क्षतिको विवरण सङ्कलन भइरहेको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ। गएको असोज अन्तिम साता परेको वर्षापछि कात्तिक, मङ्सिर, पुस र माघ महिनाभर वर्षा नभएका कारण सिँचाइको सुविधा नभएका ठाउँमा गरिएको गहुँ, आलु, जौँ, फापर लगायतको खेती भने राम्रोसँग फस्टाउन नपाएको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख किरण सिग्देलले बताए। अलिअलि भएको बालीसमेत असिनाले नष्ट गरिदिँदा किसान मारमा परेको उनले बताए। जिल्लामा सिँचाइ सुविधा पुगेको झन्डै पाँच हजार हेक्टर जमिनबाहेक अधिकांश स्थानका किसान भने वर्षाको भरमा निर्भर रहनुपर्ने अवस्था छ । वर्षा भएपछि चैते धान रोप्न र खेतबारीमा मकै बाली लगाउन पाउँदा असिना नपरेका ठाउँका किसान खुसी भएका छन्। "फागुन पहिलो साता रोप्नुपर्ने मकै अहिलेसम्म रोप्न सकिएको थिएन, पानीपरेसँगै खेतबारीमा मकै छर्ने चटारो छ", ज्यामरुककोटका किसान नारायण सापकोटाले बताए । बारीमा मकै लगाउन, लहरेबालीलगायत विभिन्न तरकारी र बर्खे आलु लगाउन भने सहज भएको अन्य किसानको भनाइ थियो। शनिबार र आइतबार जिल्लाको धवलागिरि, मालिका, मङ्गला, रघुगङ्गा, अन्नपूर्ण र बेनी नगरपालिका गरी छवटै पालिकामा वर्षा भएको थियो। वर्षासँगै बेकामे बनेका किसान खेतबारीमा व्यस्त हुने भएका छन् ।कृषि ज्ञान केन्द्रका अनुसार खडेरीका कारण हिउँदे खेती उत्पादनमा ३५ देखि ४५ प्रतिशतसम्म कमी आएको छ। सबैभन्दा बढी तेलहन बालीमा असर परेको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ । त्यसबाहेक गहुँ, फापर, जौलगायत मौसमी तथा बेमौसमी तरकारीबालीमा समेत असर परेको छ । विगतका वर्षमा तीन/चार पटक हिमपात भइसक्ने म्याग्दीका उच्च लेकाली क्षेत्रमा यो वर्षभने चैत लागिसक्दा पनि हिमपात हुनसकेको छैन् । जिल्लाका गुर्जा, मुदी, टोड्के, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाका उच्च लेकाली क्षेत्रमा हिमपात नहुँदा पशुपालक किसानलाई समस्या भएको छ। बुकी र खर्कमा हिमपात नभएपछि घाँस पलाउन नसक्दा पशुपालक किसानलाई समस्या भएको हो। समयमा नै हिमपात नहुँदा लेकाली क्षेत्रमा लगाइएको आलुलगायत हिउँदेबालीको उत्पादनमा ह्रास आएको छ भने पशुलाई चरनको समस्या हुने देखिएको किसानले बताएका छन् ।रासस

# पर्सा राष्ट्रिय निकुञ्ज पर्यटकीय आकर्षणको केन्द्र

वीरगंज, ६ चैत

पछिल्लो समय पर्सा राष्ट्रिय निकुञ्ज पर्यटकीय गन्तव्यका रुपमा विकास हुँदै गएको छ। नेपालमा पाइने रैथाने हात्तीको प्रमुख बासस्थान मानिएको सो निकुञ्ज पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ। पर्यटकीय सम्भावना र पूर्वाधारको विकासलाई आधार बनाएर सरकारले यसलाई २०७४ सालमा नेपालको १२ औँ निकुञ्जका रुपमा घोषणा गरिएको थियो। पर्सासहित बारा र मकवानपुर गरी तीन जिल्लासँग जोडिएको सो निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकका लागि खुला गरिएको छ। प्राकृतिक सुन्दरतासँगै वन्यजन्तुको गर्न सकिने जैविक विविधताको धनी मानिएको सो निकुञ्जमा आन्तरिकसँगै छिमेकी मुलुक भारतका पर्यटक आउनेक्रम बढ्ेको निकुञ्ज प्रशासनले जनाएको छ।

"विगतको भन्दा अहिले निकुञ्जमा आन्तरिक तथा छिमेकी मुलुक भारतका पर्यटक बढेका छन", निकुञ्जका सूचना अधिकारी सूर्य खड्काले भने, "बाह्यभन्दा आन्तरिक पर्यटक धेरै आउने गरेका छन्।"

उनका अनुसार चालु आर्थिक वर्ष २०७९/८० को आठ महिनाको अवधिमा एक सय ४० पर्यटक निकुञ्जमा भ्रमण गरेका छन्। निकुञ्ज प्रवेश गर्ने तीन मार्गमध्ये मुख्यद्वार आधाभारबाट ५५ नेपाली र १२ बाह्य गरी ७७ पर्यटक भित्रिएको सूचना अधिकारी खड्काले जानकारी दिए। यस्तै गढुवालाइन प्रवेशद्वारबाट १० नेपाली र प्रतापपुरबाट ४२ नेपाली तथा आठ बाह्य गरी ५० पर्यटक निकुञ्ज घुम्न आएको निकुञ्ज प्रशासनले जनाएको छ। गत आव २०७८/७९ मा नेपाली र विदेशी गरी सात सय ७७ पर्यटकले निकुञ्जमा अवलोकन भ्रमण गरेका थिए। सूचना अधिकारी खड्काका अनुसार आव २०७८/७९ मा सात सय ६९ नेपाली र आठ विदेशी पर्यटक निकुञ्ज भित्रिएका थिए।

सो आवमा वनक्षेत्र, प्रशासनिक, दण्ड जरिवाना, पर्यटकलगायतका शीर्षकबाट रु ८८ लाख ४६ हजार छ सय ७९ राजस्व सङ्कलन भएको जनाएको छ।

निकुञ्जभित्र ऐतिहासिक तथा प्राचीन माया मन्दिर, दुग्धेश्वर महादेव मन्दिर जस्ता धार्मिकस्थल छन् भने कामिनी दह, हलखोरिया दह र लौकी दहलगायत प्राकृतिक तथा मनोरम दह पर्यटकका प्रमुख आकर्षणका केन्द्र बनेका छन्। यसका साथै निकुञ्जभित्रको दुर्लभ वन्यजन्तु र चराचुरुङ्गीको बाक्लो उपस्थितिले पर्यटकलाई लोभ्याइ रहन्छ। निकुञ्जमा दुर्लभ वन्यजन्तु पाटे बाघ, रैथाने हात्ती, एकसिङ्गे गैँडा, भालु, रतुवा मृग, चित्तल, जरायो, बँदेल, नील गाई, गौरीगाईलगायतका जनावर छन्। विगतमा पानीको मुख्य समस्या देखिएको निकुञ्जभित्र सहज उपलब्धतासँगै पाटे बाघसहितका वनजन्तुको संख्यासमेत वृद्धि भएको छ। निकुञ्जले हालै गरेको सन् २०२२ को बाघ गणनाअनुसार निकुञ्जमा पाटे बाघको संख्या ४१ पुगेको छ।

अहिले निकुञ्जभित्र एक सय ६३ गौरीगाई, ४० देखि ५० हात्ती र आठदेखि १० को संख्यामा एकसिङ्गे गैँडा रहे पनि तथ्याङ्कमा तीन गैँडा मात्रै उल्लेख भएको निकुञ्जका प्रमुख अशोककुमार रामले जानकारी दिए।

निकुञ्जले निर्माण गरेको कृत्रिम पोखरीमा पानीको सहज उपलब्धताका कारण पछिल्लो समय वन्यजन्तुको संख्या बढेको प्रमुख रामले बताए। कूल छ सय २७ दशमलव ३९ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको सो निकुञ्जभित्र दुर्लभ पाटे बाघ, भालु, गैँडा, हात्ती, चित्तल, जरायो, चितुवा, जङ्गली कुकुर, नीलगाई र गौरीगाई जस्ता ३७ प्रजातिका स्तनधारी जनावर, चार सय ९० प्रजातिका चराचुरुङ्गी, १३ प्रजातिका सरीसृप र ३१ प्रजातिका पुतलीको बासस्थान छ। निकुञ्ज घुम्न आउने पर्यटकको अवलोकन र घुमफिरका लागि निकुञ्जको जङ्गलभित्र एक दर्जन दृश्यावलोकन स्तम्भसमेत बनाइएको छ। यसैगरी पर्यटकलाई जङ्गल सफारी गर्न निकुञ्जको हात्तीसारमा एक दर्जन हात्ती राखिएका छन्। हात्तीमा जङ्गल सफारी गर्न नचाहने पर्यटकले आफ्नो निजी सवारीसाधनमा जङ्गल सफारी गर्नसक्ने व्यवस्थासमेत मिलाइएको प्रमुख रामको भनाइ छ।

निकुञ्जभित्र आउने विदेशी पर्यटकका लागि प्रवेश शुल्क प्रतिव्यक्ति रु एक हजार र हात्ती चढेको रु छ सय ५० तोकिएको छ भने नेपाली पर्यटकका लागि प्रतिव्यक्ति प्रवेश शुल्क रु ५० र हात्ती चढेमा रु छ सय ५० तोकिएको छ।

निकुञ्जलाई मधेस प्रदेशकै पर्यटकीय गन्तव्य बनाउन निकुञ्ज कार्यालयले पर्यटकका लागि आवश्यक भौतिक पूर्वाधारको निर्माणसँगै निकुञ्जको प्रचारप्रसारलाई समेत प्राथमिकतामा राखेको जनाएको छ। निकुञ्जको भ्रमणमा आउने पाहुनाको स्वागतका लागि मध्यवर्ती क्षेत्रमा सुनाखरी मध्यवर्ती सामुदायिक होमस्टेसमेत सञ्चालन गरिएको छ। त्यसले यहाँ आउने पाहुनालाई मिठो आतिथ्यतासँगै स्वादिलो भोजन र गीतसङ्गीतले मनोरञ्जन प्रदान गर्ने गरेको छ।रासस


# आचारसंहिता उल्लंघन गर्ने युट्युबहरु कारबाहीको दायरामा पर्ने




काठमाडौँ, ६ फागुन

प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिताको चरम उल्लङ्घन गर्ने ३५ वटा युट्युब च्यानललाई विशेष अनुगमनमा राखिएको जनाएको छ। काउन्सिलको आचारसंहिता अनुगमन उपसमितिको सोमवारको बैठकले विशेष निगरानीमा राखिएका ती युट्युब च्यानलका विषयवस्तु, त्यसमाथि परेका उजुरी, स्वअनुगमनसमेत अध्ययन गरी १५ दिनभित्र प्रतिवेदन तयार गर्ने निर्णय गरेको हो। काउन्सिलले कुनै मिडियाअन्तर्गत आबद्ध नभएका युट्युब च्यानललाई अनुसन्धान गरी कारबाही गर्न नेपाल प्रहरी (साइबर ब्युरो) मा सिफारिस गर्ने र यस्ता च्यानलले सम्प्रेषण गरेका सामग्री र आकर्षित ऐन, नियम, निर्देशिका, आचारसंहिताबारे उल्लेख गरी कारबाहीका लागि युट्युब कम्पनीलाई अनुरोध गर्ने भएको छ। काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतको संयोजकत्वमा बसेको उपसमितिको बैठकले कतिपय युट्युब च्यानल प्रचलित ऐन, नियम, निर्देशिका, आचारसंहिताबारे जानकारीसमेत नभएका, के गर्ने/नगर्ने भन्ने सामान्य ज्ञानसमेत नभएको देखिएको भन्दै व्यावसायिक रूपमा सञ्चालन हुन चाहने युट्युब च्यानल लक्षित एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय पनि गरेको छ। बैठकमा अध्यक्ष बस्नेतले युट्युब च्यानल आफैँमा सूचना सम्प्रेषणका उपयुक्त माध्यम भएकाले भरपर्दो, विश्वसनीय र जिम्मेवारपूर्ण सूचना सम्प्रेषण गर्नुपर्ने बताउनुभयो। बैठकमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेल, काउन्सिलका सदस्यहरू दीपक पाण्डे, दुर्गा भण्डारी पौडेल, ठाकुर बेलवासे, लालबाबु शेख, बार एशोसिएशनका तर्फबाट प्रतिनिधि महासचिव अञ्जिता खनाल, काउन्सिलका मुख्य अधिकृत झविन्द्र भुसाल र उपप्रशासकीय अधिकृत एवं सहप्रवक्ता रामशरण बोहराको सहभागिता रहेको थियो।रासस

# प्रधानमन्त्रीलाई विश्वासको मत कायमैः भण्डारी



काठमाडौँ, ६ चैत

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता शरतसिंह भण्डारीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' माथि आफ्नो पार्टीले विश्वासको मत कायमै राखेको बताएका छन्।

प्रतिनिधिसभाको सोमवारको बैठकमा प्रधानमन्त्री दाहालले राखेको विश्वासको मतसम्बन्धी प्रस्तावमाथिको छलफलका क्रममा उनले भने, "प्रधानमन्त्रीमाथि हिजो पनि विश्वासको मत दिएका थियौँ र आज पनि मत दिन्छौँ।" उनले यसअघि विश्वासको मत दिए पनि प्रतिपक्षमा बसेको भए पनि अब भने सत्तापक्षको बेञ्चमा बस्न तयार रहेको बताए। निर्वाचन अगाडिको पाँच दलीय गठबन्धनको घटकका रुपमा लोसपा रहेकाले विश्वासको मत दिइएको उनले प्रष्ट पारे।

"हामी तत्कालीन गठबन्धनमा रहेर गत आम निर्वाचनमा भाग लिएका थियौँ। निर्वाचनपछि स्वाभाविक ढङ्गबाट एउटा कोर्समा जानुपर्ने थियो। त्यसमा हठात् घटनाक्रमले जे जस्तो अवस्था आए पनि हामीले सरकारलाई समर्थन गरेका थियौँ", उनले भने। स्थायित्वका लागि सरकारलाई समर्थन गरेको जनाउँदै उनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मजबुतका विश्वासको मत दिने स्पष्ट पारे।रासस

# संघीयता र संविधान रक्षाकालागि विश्वासको मतः राउत



काठमाडौँ, ६ चैत

जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउतले लोकतन्त्र, सङ्घीयता र संविधानलाई रक्षा गर्न आफूहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई विश्वासको मत दिने निर्णय गरेको बताए।

प्रतिनिधिसभाको सोमवारको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राखेको विश्वासको मतसम्बन्धी प्रस्तावमाथिको छलफलका क्रममा उनले प्राप्त उपलब्धिको रक्षा गर्न यसअघि पनि आफ्नो पार्टीले प्रधानमन्त्रीलाई विश्वासको मत दिएको स्मरण बताए।

प्रधानमन्त्री दाहालले जुन प्रकारले सङ्घर्ष गरेर देशमा सङ्घीयता र गणतन्त्र स्थापना गरे त्यसको संरक्षण गर्न क्रियाशीलताका साथ लाग्नुहुन्छ भनेर विश्वासको मत दिने निर्णय गरिएको उनको भनाइ छ।

"हाम्रो पार्टी देशमा स्थायित्वका पक्षमा छ, जनजताको हितको कुरा सोचौँ, गठबन्धनमा रहँदा आपसी असहमति होलान्, त्यसलाई बिर्सिएर सहमतिका साथ अगाडि बढौँ", उनले भने। उनले पटक-पटक विश्वासको मत लिनु स्थिरताका लागि राम्रो कुरा नभएको भन्दै यस्तो परिस्थिति पटक-पटक नआओस् भनी कामना समेत गरे। रासस

## उपराष्ट्रपति यादवले ............

नेपाल र मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीलगायत सहभागी थिए।

यसैगरी समारोहमा उपप्रधानमन्त्री, मन्त्रिगण, सांसद, संवैधानिक निकायका प्रमुखहरू, सरकारका विशिष्ट श्रेणीका कर्मचारी, सुरक्षा निकायका प्रमुखहरू, नेपालस्थित कूटनीतिक नियोगका प्रतिनिधि, विभिन्न राजनीतिक दलका नेताहरू, सञ्चारकर्मीलगायतको उपस्थिति थियो। शपथपछि प्रधानमन्त्री दाहालले निर्वतमान उपराष्ट्रपति पुनलाई मायाको चिनो प्रदान गरेका थिए।

राष्ट्रपति कार्यालय शीतल निवासमा सोमबार पद तथा गोपनीयताको शपथ लिएलगत्तै उपराष्ट्रपति यादवले उपराष्ट्रपतिको कार्यालय हरितगृह, लैनचौर पुगेर पदबहाली गरेका हुन्। उपराष्ट्रपतिले पदबहाली गरेर औपचारिक रूपमा जिम्मेवारी सम्हालेको उपराष्ट्रपति कार्यालयका सूचना अधिकारी (उपसचिव) प्रविण पौडेलले जानकारी दिए। उनका अनुसार पदबहालीपछि उपराष्ट्रपतिलाई कार्यालयको तर्फबाट सचिव टेकनारायण पाण्डेले 'ब्रिफिङ' गरेका थिए। उपराष्ट्रपति यादवले पदबहालीपछि कार्यालय परिसरमा वृक्षरोपणसमेत गरेका थिए। यादव यही चैत ३ मा मुलुकको तेस्रो उपराष्ट्रपति पदमा निर्वाचित भएका थिए।

उपराष्ट्रपतिमा निर्वाचित भएपछि यादवले सांसद र जसपाबाट राजीनामा दिएका छन्। यादवले ३० हजार ३२८ मतभार प्राप्त गरी उपराष्ट्रपतिमा निर्वाचित भएका हुन्। संघीय संसदतर्फ १४ हजार ५३६ र प्रदेशसभातर्फ १५ हजार ७९२ गरी कूल ३० हजार ३२८ मतभार प्राप्त गरी निर्वाचित भएका हुन्।

यादवका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेकी अष्टलक्ष्मी शाक्यले १६ हजार ३२८ मत प्राप्त गरिन्। यस्तै जनमतकी ममता झाले २ हजार ५३७ र प्रमिला यादवले ४८ मत प्राप्त गरेकी थिइन्। यसैबीच पद हस्तान्तरणपश्चात निवर्तमान उपराष्ट्रपति नन्दबहादुर पुनको बिदाई गरिएको छ।

राष्ट्रप्रमुखपछि दोस्रो मर्यादा क्रममा रहने उपराष्ट्रपतिको काम कर्तव्य र अधिकार संविधानले नै तोकेको छ।

उपराष्ट्रपतिको भूमिकाबारे संविधानको धारा ६७ मा भनिएको छ- 'राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यहरु उपराष्ट्रपतिबाट सम्पादन गरिने छ।' संविधानले राष्ट्रपति र उपराष्ट्रपति फरक लिंग वा समुदायको हुनुपर्ने धारा ७० मा व्यवस्था गरेको छ।

## प्रधानमन्त्री प्रचण्डले ............

समाजवादी पार्टी (लोसपा), राष्ट्रिय जनमोर्चा, आम जनता पार्टीले विश्वास र स्वतन्त्र सांसद अमरेशकुमार सिंहले विश्वासको मत दिएका हुन्। प्रधानमन्त्री बनाउन निर्णायक भूमिका खेलेको नेकपा एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रचण्डले पुनः संसद्मा विश्वासको मत प्रमाणित गर्नुपरेको हो। एमालेले राष्ट्रपति निर्वाचनमा आफ्नो पक्षमा नउभिएको भन्दै र अन्य कारण देखाउँदै प्रधानमन्त्री प्रचण्डलाई दिएको समर्थन केही साताअघि फिर्ता लिएको थियो।

नेपालको संविधानको धारा १०० (२) मा प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्नुपर्ने उल्लेख छ। सोही व्यवस्थाअनुरुप प्रधानमन्त्रीले यही चैत १२ गतेसम्ममा विश्वासको मत लिइसक्नुपर्ने बाध्यता भएकोले विश्वासको मत लिएका हुन्।

यसअघि नेकपा एमालेको पहल र सक्रियतामा प्रधानमन्त्री बनेका प्रचण्डले संसदबाट करिब ९७ प्रतिशत विश्वासको मत पाएका थिए। तर, दुई महिना नबित्दै पुनः दोस्रोपटक मत लिँदा उनले करिब ६४ प्रतिशत मात्रै पाएका छन्।

पुस २६ गते विश्वासको मत लिँदा उनले संसदमा उपस्थित २७० मध्ये २६८ जना सांसदको मत पाएका थिए। निर्वाचन प्रक्रियामा २७० सांसदको उपस्थिती रहेकोमा राष्ट्रिय जनमोर्चा र नेपाल किसान मजदुर पार्टी बाहेक सबै दलले पक्षमा मत दिएको थियो। उनले संविधानको धारा ७६ को उपधारा ४ बमोजिम विश्वासको मत लिएका हुन्।

एमाले नेतृत्वको सात दलीय गठबन्धन छाडेर चुनावअघिकै गठबन्धनको पक्षमा उभिएपछि प्रचण्डले दोस्रो पटक विश्वासको मत लिएका हुन्। गत पुस १० गते राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ७२(२) बमोजिम दुई वा दुई भन्दा बढी दलका १६९ सांसदको समर्थनमा प्रधानमन्त्रीमा नियुक्त गरेकी थिइन्।

विश्वासको मत प्राप्त गरेपछि प्रधानमन्त्री प्रचण्डले न्याय, सुशासन र समृद्धिको पक्षमा दृढतापूर्वक काम गर्ने प्रतिबद्धता गरेको छन्। प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गरेपछि उनले सरकारलाई विश्वासको मत प्रदान गर्ने सांसदहरुप्रति आभार व्यक्त गरे।

उनले फेशबुकमा लेखेका छन्, 'सरकारलाई विश्वासको मत प्रदान गर्नुहुने प्रतिनिधिसभाका माननीय सदस्यज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु। तपाईहरूले दिनुभएको विश्वासलाई उर्जामा परिणत गर्दै सामाजिक न्याय, सुशासन र समृद्धिको पक्षमा दृढतापूर्वक काम गर्ने प्रतीज्ञा गर्दछु।'

# समाजसेवी साहको श्रद्धाञ्जली सभा



मधेशदृष्टि

जनकपुरधाम, ६ चैत। समाजसेवी वैद्यनाथ साहको श्रद्धाञ्जली सभा सम्पन्न भएको छ। जनकपुरधामस्थित उनको निवासमै श्रद्धाञ्जली सभा गरिएको हो।

सो अवसरमा उनले सहयोग गरेका सबै गरीब असहाय व्यक्तिहरुको सहभागिता रहेको थियो।

धार्मिक कार्यमा पनि उनको सक्रिय सहभागिता थियो। श्रद्धाञ्जली सभामा पूर्वमन्त्री अरविन्द साह, नेपाल तेली कल्याण समाजका सल्लाहकार जगदीश साह, पूर्व मेयर बजरंग साह, पूर्व जिविस, अध्यक्ष रामचरित्र साह, राजकिशोर प्रसाद साह (जनलोकपाल, मधेस सरकार), वडा अध्यक्ष परमेश्वर साह, नेपाल तेली कल्याण समाज धनुषा जिल्ला अध्यक्ष लक्ष्मी साहको उपस्थिति रहेको थियो। त्यस्तै तेली कल्याण समाज नेपालका केन्द्रीय निवर्तमान अध्यक्ष ई. राजदेव साह, वरिष्ठ एलएसपी नेता मनोज साह। चौधरी, माओवादी नेता विमल प्रसाद साह, शहीद गंगालाल हृदय रोग प्रतिष्ठान जनकपुरधामका निर्देशक डा राजेशकुमार साह, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, ई. लक्ष्मण साह, विश्वनाथ साह लगायतका विभिन्न व्यक्तिहरुको पनि उपस्थिति रहेको थियो। स्व. वैद्यनाथ साहको ५९ वर्षको उमेरमा फागुन ८ गते काठमाडौंमा निधन भएको थियो।

# कर्ममाता जयन्ती सम्पन्न



मधेशदृष्टि

जनकपुरधाम, ६ चैत।

नेपालसँगै छेउछाउको मधवापुरमा कोराति तेली जातिको कुलदेवी कर्ममाईको जयन्ती हर्षोल्लासका साथ मनाइएको छ।

बिहार प्रदेश तैलिक साहू सभाका अध्यक्ष विधायक रणविजय साहु यस कार्यक्रममा प्रमुख अतिथि थिए। उनले तेली समाजमा शिक्षाको अभाव रहेको बताए। जबसम्म समाज शिक्षित हुँदैन। हामी कुनै पनि क्षेत्रमा प्रगति गर्न सक्दैनौं। रणविजय साहुले समाजमा एकताको अभाव रहेको बताए। जसका कारण हामी राजनीतिमा पछि परेका छौँ।' उनले कर्ममाता कृष्णको अनन्य भक्त थिइन्। हाल जगन्नाथ पुरी मन्दिरमा कर्ममाताको नाममा मात्र पहिलो भोग अर्पण गरिन्छ। विशेष अतिथिका रुपमा बोल्दै भाजपा झंझारपुर जिल्ला अध्यक्ष ऋषि राघवले कर्ममाताको जन्मजयन्ती नेपाल र भारतका हरेक घरमा घरघरमा मनाउनुपर्ने र उनको तस्विर राखेर पूजा गर्नुपर्ने बताए। कार्यक्रममा मधवापुर का मुखिया राजेशकुमार साह, नेपाल तेली कल्याण समाज नेपालका केन्द्रीय महासचिव सत्यनारायण साह, धनुषा जिल्ला उपाध्यक्ष श्याम साह, राजेश साह लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको संचालन शिवकुमार शाहले गरेका थिए। सो अवसरमा भजन, खिचडी भण्डाराको आयोजना गरिएको थियो।

# दाता सम्मेलनले टर्की र सिरियाका लागि भूकम्प सहायता जुटाउँदै

ब्रसेल्स, ६ चैत

टर्की र सिरियामा गएको विनाशकारी भूकम्पबाट पीडितहरूलाई सहयोग गर्न अन्तर्राष्ट्रिय दाताहरूबाट रकम जुटाउने उद्देश्यले युरोपेली सङ्घले सोमबार ब्रसेल्समा सम्मेलन आयोजना गरेको छ।



गत महिनाको विनाशकारी ७.८ म्याग्निच्युडको भूकम्पले सम्पूर्ण शहरहरूलाई समतल बनाएको थियो । भूकम्पका कारण दक्षिणपूर्वी टर्की र युद्धग्रस्त सिरियाका केही भागहरूमा गरी ५० हजार भन्दा बढी मानिसहरूको मृत्यु भएको बताइएको छ।

लाखौं विस्थापित भएका छन् र संयुक्त राष्ट्रसङ्घको प्रारम्भिक अनुमानले टर्कीमा मात्रै १०० अर्ब डलरभन्दा बढीको क्षति भएको छ।

यस क्षेत्रमा गत हप्ता आएको बाढीले थप दुःख भएको जनाइएको छ । अस्थायी आश्रयमा बस्ने १४ जना मानिसको मृत्यु भएको बताइएको छ।

संयुक्त राष्ट्र विकास कार्यक्रमले यस महिनाको सुरुमा फेब्रुअरीको मध्यमा तत्काल कोषका लागि गरिएको आह्वानलाई कमजोर स्तरको प्रतिक्रियाको बारेमा गुनासो गरेको छ । सहायता सङ्गठन इन्टरनेशनल रेस्क्यु कमिटी (आईआरसी) ले दाताहरूलाई कम्तीमा टर्कीका लागि एक अर्ब अमेरिकी डलर र सिरियाका लागि ३९ करोड ७० लाख अमेरिकी डलरको संयुक्त राष्ट्रसङ्घको आपतकालीन अनुरोध अनुसार पूर्ण रूपमा रकम उपलब्ध गराउन आग्रह गरेको छ ।

संयुक्त राष्ट्रसङ्घले टर्कीको अनुरोध हालसम्म १६ प्रतिशत मात्र पूरा भएको बताएको छ भने सिरियाको मागको ७२ प्रतिशत पुरा भएको जनाएको छ । (राससः/एएफपी)

# कुबेतको तेल कम्पनीद्वारा 'आपतकालीन अवस्था' घोषणा

कुवेत सिटी, ६ चैत

जमिनमा तेल चुहिएपछि कुवेत आयल कम्पनीले सोमबार 'आपतकालीन अवस्था' को घोषणा गरेको छ।

कुवेती सञ्चार माध्यमले सार्वजनिक गरेको भिडियोमा तेलको ठूलो मात्राले पेट्रोलियम पदार्थ बग्दा बज्दै गरेको पाइप घेरिएको देखिएपछि सरकारी स्वामित्वको कम्पनीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "देशको पश्चिमी भागमा तेल चुहिएपछि आपतकालीन अवस्था घोषणा गरिएको छ।"

कम्पनीका प्रवक्ता कुसाई अल-आमेरले भने, ""यो चुहावट जमिनमा भएको भएपनि आवासीय क्षेत्रमा नभएकोले चुहावटका कारण कुनै चोटपटक लागेको छैन र उत्पादनमा पनि कुनै असर परेको छैन।"

चुहावटको स्रोत पत्ता लगाउन र घटनालाई नियन्त्रण गर्न टोलीहरू पठाइएको छ तर अहिलेसम्म चुहावट कहाँबाट भएको भन्नेबारे थाहा भइनसकेको अल-अमेरले बताए।

कुवेतको अल राई अखबारले ट्वीटरमा एउटा भिडियो सार्वजनिक गरेको छ जसमा एउटा पाइपबाट बाँफो जमिनमा ठूलो परिमाणमा तेल चुहेको देखिएको छ। यद्यपि एएफपीका सम्वाददाताले यो फुटेजलाई स्वतन्त्र रुपमा पुष्टि गर्न नसकिएको बताएका छन् । कुवेत एक प्रमुख तेल उत्पादक देश हो जहाँ सरकारले करिब ९० प्रतिशत राजस्व तेलबाट आर्जन गर्छ । पेट्रोलियम निर्यातक देशहरूको संगठन (ओपेक) को प्रमुख सदस्य राष्ट्रमध्ये एक कुबेतले हाल प्रति दिन लगभग २७ लाख ब्यारेल कच्चा तेल उत्पादन गरिरहेको छ।



कुवेत आयल कम्पनीले यसअघि सन् २०२० र २०१६ मा आफ्नो क्षेत्रमा तेल चुहावट भएको जानकारी दिएको थियो।

सन् २०१७ मा पनि केही दिनको अन्तरालमा किनारमा दुई वटा चुवावटका घटना भएको कुबेती अधिकारीले बताएका छन् । (राससः/एएफपी)

# थाइल्याण्डका प्रधानमन्त्रीद्वारा संसद विघटन

बैङ्कक, ६ चैत

थाइल्याण्डको संसद सोमबार विघटन गरिएको छ।



प्रधानमन्त्री प्रयुत चान-ओ-चाले देशको संसद् विघटन गरेको उच्च सरकारी स्रोतले जनाएको छ । निर्बाचनको घोषणासँगै सन् २०१४ मा प्रयुतले सत्ता सम्हालेपछि थाइल्याण्डमा दोस्रो पटक निर्वाचनका हुन लागेको हो । संसद विघटन र निर्वाचनको मिति घोषणाको तयारीबारे थाइल्याण्डको राजपत्रमा प्रकाशित सूचनामा सोमबार उल्लेख गरिएको छ।


सन् २०१४ को चुनावमा सत्तामा आएका पूर्व सेना प्रमुख प्रयुतले एक दशकको निर्बासनपछि स्वदेशमा फर्किएका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राकी अर्बपति छोरी विरुद्ध प्रतिस्पर्धा गर्नुहुनेछ।

पेतोङ्टार्न सिनावात्राको नेतृत्वमा रहेको मुख्य विपक्षी फेउ थाई समूहले निर्वाचनमा सफलता हाँसिल गर्नका लागि कडा मेहनत गरिरहेको छ तर थाइल्याण्डको सैनिक प्रशासन (जुन्टा) ले सन् २०१७ मा बनाएको संविधानका कारण पार्टीलाई शीर्ष पद सुरक्षित गर्न कठिन बनाउन सक्ने विश्लेषकहरूले बताएका छन् । सोमबार राजपत्रमा प्रकाशित एक विज्ञप्तिमा विघटनको घोषणा गरिएको र निर्वाचन आयोगले मतदानको मिति पछि पुष्टि गर्नेछ । निर्बाचन गर्ने सम्भावित मितिका रूपमा मे ७ वा १४ लाई हेरिएको छ। सन् २०१४ मा भएको 'कू' पछि यो दोस्रो निर्वाचन हो भने सन् २०२० मा बैङ्ककमा युवाको नेतृत्वमा भएको 'प्रजातन्त्र पक्षधर' प्रदर्शनले देशलाई हल्लाएपछिको यो पहिलो निर्वाचन हो। निर्बाचनका लागि हप्तौंदेखि अनौपचारिक अभियान चलिरहेको छ। बढ्दो जीवनयापन खर्च र महामारीबाट प्रभावित राज्यको सुस्त पुनः उत्थान दुबैथरिका चुनाबी एजेन्डाका रूपमा देखिएका छन्। सन् २०१९ को विवादास्पद चुनावमा आफ्नो शासनलाई मजबुत बनाउनुभएका ६८ वर्षीय प्रयुतले थाई राजनीतिमा विरलै देखिने लामो कार्यकाल सम्हाल्न सफल भएका छन् । आइतबार प्रकाशित एक सर्वेक्षणमा प्रयुत १५ प्रतिशतभन्दा बढी मतका साथ तेस्रो स्थानमा रहेका छन् भने ३८ प्रतिशत मत पाएका पेटोङ्टार्नभन्दा उहाँ निकै कमजोर देखिएका छन् ।नेसनल इन्स्टिच्युट अफ डेभलपमेन्ट एडमिनिस्ट्रेसनले दुई हजार मानिसमा गरेको सर्वेक्षणमा करिब ५० प्रतिशतले फेउ थाईलाई मत दिने बताएका थिए भने प्रयुतको युनाइटेड थाई नेशन पार्टीलाई करिब १२ प्रतिशत मत दिने बताएका थिए । (राससः/एएफपी)

# जापानी प्रधानमन्त्री किशिदा दुईदिने भारत भ्रमणमा

नयाँ दिल्ली ६ चैत

जापानका प्रधानमन्त्री फुमियो किशिदा दुई दिने भारत भ्रमणका लागि सोमबार भारत आइपुग्नुभएको छ।



किशिदालाई केन्द्रीय मन्त्री राजीव चन्द्रशेखरले दिल्लीको विमानस्थलमा स्वागत गर्नुभएको छ। भ्रमणका क्रममा किशिदाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेट्नुका साथै जापानको इन्डो-प्यासिफिक रणनीति र उसको नयाँ प्रतिरक्षा प्रणालीका बारेमा पनि सम्बोधन गर्नेछ। पन्ध्र वर्षअघि प्रधानमन्त्री शिन्जो आबेले आफ्नो दिल्ली भ्रमणका क्रममा इन्डो-प्यासिफिक सहकार्यका बारेमा पहिलो पटक बोलेका थिए ।

दुवै प्रधानमन्त्रीले दिल्लीस्थित बुद्ध जयन्ती पार्कमा सँगै पदयात्रा गरी गौतम बुद्धको पालाको गहिरो जरा भएको पूज्य वृक्ष बालबोधीको अवलोकन गर्नुहुने बताइएको छ । भारत र जापानबीचको सम्बन्ध सन् २००० मा 'विश्व साझेदारी', सन् २००६ मा 'रणनीतिक तथा विश्व साझेदारी' र सन् २०१४ मा 'विशेष रणनीतिक तथा विश्व साझेदारी' मा परिणत भएको थियो । दुवै देशले सन् २००६ देखि नियमित रूपमा वार्षिक शिखर सम्मेलन गर्दै आएका छन् ।

पछिल्लो वार्षिक शिखर सम्मेलन मार्च २०२२ मा नयाँ दिल्लीमा भएको थियो।

किशिदाले आफ्नो ट्वीटर अकाउन्टमा प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्ने जानकारी दिनुभएको छ । भारतीय विदेश मन्त्रालयले मार्च १० मा जारी गरेको विज्ञप्तिमा भनिएको छ, "दुई नेताबीच पारस्परिक हितका द्विपक्षीय र क्षेत्रीय विषयमा छलफल हुनेछ ।"किशिदाले आफ्नो भारत बसाइका क्रममा स्वतन्त्र र खुला इन्डो-प्यासिफिकका लागि नयाँ योजनाको घोषणा गर्ने बताए।

उनले स्वतन्त्र र खुला इन्डो-प्यासिफिकको भविष्यका बारेमा विचार प्रस्तुत गर्ने बताए। "यसका साथै, भारतमा रहँदा म स्वतन्त्र र खुला इन्डो-प्यासिफिकसम्बन्धी नयाँ योजनाको घोषणा गर्नेछु । हामी यस ऐतिहासिक मोडमा एफओआईपीको भविष्यको बारेमा ठोस विचारहरू प्रस्तुत गर्नेछौं," किशिदाले सम्प्रेषण गरेको ट्वीटमा भनिएको छ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले बिहीबार आयोजित पत्रकार सम्मेलनमा जापान 'अत्यन्त महत्वपूर्ण साझेदार' भएको र भारत विचार आदानप्रदानका लागि तत्पर रहेको बताए। उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र उहाँका जापानी समकक्षीबीच हुने छलफलका बुँदाबारे विस्तृत जानकारी नगराई जापान भारतको धेरै महत्वपूर्ण साझेदार भएको बताए।

भारत र जापानबीच सन् २०२२ को मार्चमा भएको पछिल्लो बैठकपछि नयाँ दिल्ली र टोकियोले क्रमशः जी-२० र जी-७ को अध्यक्षता सम्हालिरहेकाले द्विपक्षीय स्तरमा संलग्न हुनका लागि यो महत्वपूर्ण समय हो । दुवै देशबीच रक्षा तथा सुरक्षा, व्यापार तथा लगानी, विज्ञान तथा प्रविधि, शिक्षा, स्वास्थ्य सेवा र महत्वपूर्ण उदीयमान प्रविधिलगायत विभिन्न क्षेत्रमा साझेदारी रहेको छ । (राससः/एएनआई)

# मध्य अफ्रिकी गणतन्त्रमा नौ चिनिया नागरिकको हत्या

बाम्बारी, , ६ चैत

मध्य अफ्रिकी गणतन्त्रमा 'सशस्त्र व्यक्तिहरू'ले आक्रमण गरी नौ जना चिनियाँ कामदारको हत्या गरिएको छ।

आक्रमणको निन्दा गर्दै चिनियाँ राष्ट्रपति सी जिनपिङले दोषीलाई कडा भन्दा कडा कारबाही गर्न माग गरेका छन्।

मध्य शहरका मेयर एबेल म्याचिपाटाले बाम्बारी नजिकै बिहान ५ :०० बजे 'सशस्त्र व्यक्तिहरू'ले विदेशी कामदारमाथि आक्रमण गरेको पुष्टि गरेका छन् । उनले एएफपीसँग कुरा गर्दै भने , "आक्रमणका कारण 'नौ जनाको मृत्यु भएको र र दुई जना घाइते भएको' र मृतकहरू आफ्नो शहरबाट २५ किलोमिटर टाढा गोल्ड कोस्ट ग्रुपले सञ्चालन गरेको खानीमा चिनियाँ कामदार रहेको बताए।

चीनको विदेश मन्त्रालयले मृतकको संख्या पुष्टि गरेको छ। सीले मध्य अफ्रिकी गणतन्त्रका अधिकारीहरूलाई हत्यामा संलग्नहरूलाई ' कडा सजाय' दिन आग्रह गरेको पनि मन्त्रालयले जनाएको छ ।चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "राष्ट्रपति सीले घाइतेको उपचार गर्न, घटनाको समयमा नै व्यवस्थापन गर्न, दोषीलाई कानूनबमोजिम कडा सजाय दिन र चिनियाँ नागरिकको सुरक्षा सुनिश्चित गर्न हरसम्भव प्रयास गर्न आदेश दिनुभएको छ।"

स्थानीय अधिकारीहरूले आक्रमणको थप विवरण सार्वजनिक गरेका छैनन् र यसको जिम्मेवारी पनि लिएका छैनन् । एएफपीका एक पत्रकारका अनुसार चिनियाँ राजदूत ली किन्फेङ र मध्य अफ्रिकी गणतन्त्रका विदेशमन्त्री सिल्भी बाइपो टेमोनको पहलमा मृतकको शव राजधानी बान्गुईस्थित एक अस्पतालमा लगिएको छ। (राससः/एएफपी)

# क्रिकेटमा बढ्दो आकर्षण : छैन पूर्वाधार

दमौली, ६ चैत

पछिल्लो समय नेपालले क्रिकेट खेलमा उल्लेख्य प्रगति गरिरहेको छ । क्रिकेटमा खेलप्रेमीको कति समर्थन छ भन्ने कुरा लिग दुई अन्तर्गत कीर्तिपुरमा आयोजित नेपाल र युएइबीचको खेलमा उपस्थितिले पनि प्रमाणित गरेको छ।



तनहुँमा पनि पछिल्लो केही समययता क्रिकेट खेलतर्फ खेलाडीको आकर्षण बढ्दो छ । तनहुँका केही खेलाडीले जिल्लास्तर हुँदै गण्डकी प्रदेशको प्रतिनिधित्व गर्दै राष्ट्रियस्तरमा प्रधानमन्त्री क्रिकेट कप खेलिसकेका छन् । क्रिकेटखेलतर्फ आकर्षण बढेपनि जिल्लामा क्रिकेटको पूर्वाधार नहुँदा खेलाडी निराश छन् । तनहुँ क्रिकेटका कप्तान चन्द्रकान्त पौडेल भन्छन्, "क्रिकेटमा खेलाडीको बढ्दो आकर्षण भए पनि क्रिकेट खेल्नका लागि मैदान छैन। यो दुःखद् पक्ष हो।" पूर्वाधार अभावकै कारण कतिपय खेलाडीले आफ्नो प्रतिभा प्रस्फुटन गर्न नपाएको पौडेलको गुनासो छ । "तनहुँ जिल्लामा क्रिकेट खेल्नका लागि एउटा राम्रो मैदान छैन, सम्बन्धित निकायले पनि यसतर्फ पहल नगरेको जस्तो देखिन्छ," उनले भने , "हामीले कहिलेकाहीँ प्रतियोगिता गर्दा अहिले जस्तो मैदान छ त्यस्तैमा गरिरहनुपरेको छ।"

दमौली पेलिकन्स क्लबले बेलाबेलामा क्लबस्तरीय क्रिकेट प्रतियोगिता आयोजना गरिरहेको छ। खेल मैदानकै अभावमा क्लबले व्यास नगरपालिका-५ पाटन फुटबल मैदानमा क्रिकेट गर्दै आइरहेको छ । "क्रिकेटमा राम्रो सम्भावना छ, तर पर्याप्त लगानी हुन सकिरहेको छैन । यसतर्फ सरोकारवालाको ध्यान जान जरुरी छ", पौडेलले भने। तनहुँका क्रिकेट खेलाडी समीर कँडेलले खेल्ने वातावरण भए आफूहरुले राम्रो खेल्न सक्ने बताए । "पूर्वाधारको अभावमा पनि तनहुँ क्रिकेटमा अगाडि बढ्दैछ, पूर्वाधार निर्माण गरिदिए हामी राम्रो खेल्न सक्छौं," कँडेलले भने, "पूर्वाधार निर्माणमा सरोकारवालाले ध्यान पुऱ्याइदिए हुन्थ्यो।"

क्रिकेट खेलमा तनहुँले पछिल्लो समय प्रगति हासिल गर्न थालेको छ। तनहुँले हालसम्म दुई पटक उपाधि जितेको छ भने एक पटक उपविजेता भएको छ । यस वर्षको सुरुमा तनहुँले बागलुङमा सम्पन्न प्रतियोगितामा विजेता बन्दै रु एक लाख नगद जित्न सफल भएको थियो। त्यस्तै, प्रधानमन्त्री कप क्रिकेट छनोटमा तनहुँ गण्डकी प्रदेशको विजेता बनेको थियो।

साथै, केही हप्ता अगाडि गैंडाकोटमा सम्पन्न मेयर कप क्रिकेट प्रतियोगितामा तनहुँ उपविजेता बन्न सफल भयो । पछिल्लो नौ खेलमा अपराजित रहेको तनहुँले गैंडाकोटमा भएको मेयर कपको फाइनलमा चितवनसँग मात्रै हार बेहोरेको थियो।

यसअघि तनहुँले बागलुङलाई दुई, कास्कीलाई एक, नवलपुरलाई दुई, स्याङ्जालाई दुई, पर्वतलाई एक पटक पराजित गरिसकेको छ। तनहुँमा क्रिकेटतर्फ आकर्षण बढेपनि पूर्वाधार अभावका कारण खेलाडीमा निराशा उत्पन्न हुनु स्वभाविक ठान्छन् क्रिकेट सङ्घ तनहुँका अध्यक्ष ताराराम श्रेष्ठ । तनहुँमा व्यवस्थित क्रिकेट मैदान निर्माण गर्नेतर्फ क्यानले सोचेको श्रेष्ठ बताउँछन् । "क्रिकेटतर्फ निकै आकर्षण छ, क्रिकेटले नै नेपालको नाम राख्न सफल भएको छ", श्रेष्ठले भने , "तनहुँमा क्रिकेट मैदान नभएर ठूलो समस्या परिरहेको छ ।" क्रिकेटको विकासका लागि क्यान तनहुँ लागिपरे पनि मैदानकै कारण सोचेजति विकास हुननसकेको श्रेष्ठले बताए।

तनहुँमा क्रिकेट मैदान निर्माण गर्नुपर्छ भनेर आफूहरुले प्रदेश तथा केन्द्रमा आवाज उठाउँदै आएको श्रेष्ठ बताउछन् । "ठाउँ खोज्न सकिए प्रदेशले मैदान निर्माणमा सहयोग पर्ने प्रतिबद्धता जनाएको छ, व्यास नगरपालिका-५ को मैदानलाई क्रिकेट मैदान बनाउन सकिन्छ की भनेर वडामा पनि कुरा गरिरहेका छौं", श्रेष्ठले भने।

पाटनको मैदानमा बेलाबेलामा क्रिकेट खेलाइने गरे पनि त्यसलाई दीर्घकालीन रुपमा नै क्रिकेट मैदान बनाउन वडाको तर्फबाट सहमति भए क्यानले त्यहाँ व्यवस्थित खेलमैदान बनाइदिने श्रेष्ठले बताए।रासस

# वीरगंजमा तीनदिने 'रात्रीबजार' लगाइने

मधेशदृष्टि
वीरगंज, ६ चैत।



अर्थतन्त्रलाई चलायमान बनाउने उद्देश्यले वीरगंजमा पहिलो पटक बीरगंज महानगरपालिकाको आयोजनामा "रात्री कालिन बजार" लगाईने भएको छ।

आगामी चैत ३० गते देखि बैशाख २ गते सम्म राति समेत वीरगंजको आदर्शनगर चोक देखि पुरानो बसपार्कसम्म "रात्री बजार" लगाइने महानगर प्रमुख राजेशमान सिंहले जानकारी दिए।

आर्थिक नगरी भनेर वीरगञ्जलाई चिनिने गरेको भए पनि वीरगञ्जको व्यवसाय साँझ नपर्दै बन्द हुने गरेको थियो। वीरगंजको व्यापारलाई प्रोत्साहन गर्न तथा आर्थतन्त्र चलायमान बनाउन र बजार अबेरसम्म संचालन हुने वातावरण बनाउन पनि परीक्षण स्वरुप नयाँ वर्षको अवसर पारेर तीन दिने रात्री बजार लगाउने जमर्को गरिएको महानरप्रमुख सिंहले बताए।

महानगरको आयोजनामा वीरगञ्जमै पहिलो पटक हुन लागेको "रात्री बजार" मा विभिन्न ठाउँका विशेष खानाका परिकार, लत्ताकपडा, कस्मेटिक, भाडाकुडा लगायतका सरसामान पाउनुका साथै वीरगञ्जमै पहिलो पटक तन्दुरी चायको शुरुआत गरिने पनि महानगर प्रमुख सिंहले जानकारी दिए। परिक्षणको रुपमा आयोजित रात्री कालिन बजार सफल भएमा महानगरले सुरक्षित रुपमा रात्रि कालिन बजार समेत आगामी दिनमा संचालन गर्ने लक्ष्य लिएको नगरप्रमुख सिंहले बताए।

ग्रीन सिटी सामुदायिक सेवा प्रहरी केन्द्र, एन.वाई.ई.एफ, वीरगञ्ज साइकलिंग क्लब, ओमेन्स क्रिएसन र फोर.जि.आर जस्ता संस्थाहरुसँगको सहकार्यमा "रात्री बजार" तयारीको काम भई रहेको छ।

रात्री कालिन बजारमा लगाइने स्टलहरु बुकिङ्को काम अहिले धमाधम भइरहेको बजारका सहआयोजक ग्रिन सिटी सामुदायिक केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले बताए।

आदर्शनगर चोकदेखि कैलास चोक र त्यहाँबाट पुरानो बसपार्क सम्मको क्षेत्रमा करिब १ सय स्टल लगाउने गरि आवश्यक तयारी गरिएको र अहिले स्टल बुकिङ्को काम धमाधम भइरहेको खेतानले जानकारी दिए।

# बजेट अभावले कृषि औजार कारखाना सञ्चालनमा अन्योल

मधेशदृष्टि
वीरगंज, ६ चैत।



दुइ दशकदेखि बन्द रहेको वीरगञ्जस्थित कृषि औजार कारखाना संचालनमा ल्याउने तयारी भइरहदा बजेट अभावको कारण संचालन प्रकिया अन्यौल देखिएको छ।

राष्ट्रिय अविष्कार केन्द्रका अध्यक्ष महाविर पुनले १० वर्षसम्म कारखाना संचालनको जिम्मा लिएर मर्मत सम्भारको कार्यलाई तिब्रता दिएपनि अर्थमन्त्रालयले समयमा बजेट निकाशा नगर्दा कारखाना संचालन पुनः अन्यौलमा परेको छ। पूर्व राजा स्वर्गीय महेन्द्रले तत्कालिन सोभियत संघको आर्थिक तथा प्राविधिक सहयोग र नेपाल सरकारको संयुक्त लगानीमा वि.स २०२४ साल फागुन २८ गते वरिगञ्जमा कृषि औजार कारखानाको स्थापना गरेका थिए। तत्कालिन समयमा वार्षिक ११ करोड रुपैयासम्मको कारोबार हुने गरेको कृषि औजार कारखाना २०५९ साल चैत ४ गते नेपाल सरकारको मन्त्रिपरिषद् बैठकले बन्द गर्ने निर्णय गरेको थियो। २०७९ असोज ११ गते अर्थ मन्त्रालय र राष्ट्रिय आविष्कार केन्द्रबीच कारखाना सञ्चालनको सम्झौता भएपछि वीरगञ्जबासीमा उद्योग संचालन हुने आशा पलाएको थियो। तर सरकारले बजेट निकाशा नगर्दा पलाएको आशा निराशामा परिणत हुने त होईन भन्ने आशंका छाएको कारखानाका पुराना कर्मचारीहरु बताउछन्।

स्थापनाकालदेखि नाफामा रहदै आएको कारखानामा राजनीति दलको हस्तक्षेपको कारण डुब्दै गएपछि बन्दभएको थियो। केन्द्रले पहिलो चरणमा कारखाना सरसफाई गरी मेसिनहरु चेकजाँच सम्पन्न गरेको छ। सम्झौता अनुरुप १ वर्षभित्र मर्मत सम्भार गर्ने भनिएपनि केन्द्रले ६ महिनामै कारखानामा रहेका मेसिनहरुको चेकजाँच गरी परिक्षण उत्पादन समेत गरेको छ। कारखानामा रहेका मेकानिकल सेक्सनका ५४ मेसिनहरु सबै चल्न योग्य रहेको आविष्कार केन्द्रका प्राविधिकहरुले बताएका छन्।

उद्योगमा रहेको १२ वटा लेथ मेसिन , परिवपम्पसेट सेक्सनका मेसिन लगायतमा भने आधुनिक मेसिन जडान गर्नुपर्ने कृषि औजार कारखानामा कार्यरत राष्ट्रिय आविष्कार केन्द्रका इजिनियर प्रज्वल कोजुले बताउनुभयो। कारखाना मर्मत सम्भारमा हुने खर्चहरु सरकार आफैले ब्योहोर्ने सम्झौता भएपनि बजेटको अभावको कारण काममा समस्या भइरहेको उनले बताए। अहिले नेपाल सरकारको सहयोग बिना नै केन्द्रले आफ्नै लगानीमा मेशिनहरुलाई आवश्यक पर्ने पार्ट पुर्जाहरु आफै खरिद गर्दै काम गरिरहेको छ। कारखानालाई आवश्यक पर्ने बजेटको माग गरिएपनि अर्थ मन्त्रालयबाट कुनै जवाफ नआएको गुनासो आविष्कार केन्द्रका प्राविधिकहरुको छ।

# स्वच्छता अभियानमा नगरवासीको अटेरीपनले समस्या

मधेशदृष्टि
वीरगंज, ६ चैत।



वीरगंज महानगरपालिकाको बजार क्षेत्रको सरसफाई र स्वच्छ वातावरणका लागि महानगरपालिकाले विशेष अभियान चलाएको भए पनि नगरवासीहरुमा बढदै गएको अटेरीपनको कारण समस्या भएको छ।

महानगरपालिकाले फोहोर उठाउँदै जाने तर नगरवासीहरुले फोहोर फाल्दै जाने क्रम नरोकिएपछि सरसफाईकर्मीहरु निरास भएका छन। विगत ३ महिना देखि महानगरपालिकाले बजार क्षेत्रको सरसफाईमा विशेष अभियान सचालन गरेको र सो अभियान अन्तरगत जथाभावी फोहोर फाल्नेलाई जरिवाना समेत गर्न थालेको छ।

हाल नगर क्षेत्रमा फोहोर उठाई सकेपछि पुनः फोहोर फाल्ने बैंक, व्यापारिक प्रतिष्ठान, पसल, होटल र सर्वसाधारण गरी २ सय २ ९ जनालाई कारवाही गरिएको र कारवाही वापत ३ लाख ४८ हजार भन्दा बढी जरिवाना समेत गर्दा पनि फोहोर फाल्ने क्रम नरोकिएपछि आफूहरु निराश भएको महानगरपालिकाका सरसफाई अधिकृत सरफुद्दिन मियाँले बताए।

अहिले सडकमा फोहोर फाल्नेहरु निगरानीका लागि खटिएका महागनरपालिकाका कर्मचारीले रंगेहात भेटेर जरिवना गरेपछि उल्टै जरिवना मिनाहाको लागि महानगरपालिकामा अएर जनप्रतिनिधि र कर्मचारीलाई दवाव दिने गरेका छन। सडकमा फोहोर फाल्ने उल्टै मिनाहाका कुरा गर्न आउनेहरुसँग आफूहरु हैरान भएको मियाँले बताए। महानगरपालिकामा अहिले दैनिक ३ सिफ्टमा ३ सय ८ जना सरसफाईकर्मी खटिने गरेका छन्।

यसैविच सोमवारबाट वीरगंज महानगरपालिकालेसार्वजनिक स्थानमा फालिएका फोहोर उठाउने र सो स्थानमा नगरपालिकाले कन्टेनर राख्ने, आईन्दा कन्टेनरमा फोहोर नफालि सडक तथा सार्वजनिक स्थलमा फालेमा त्यस्तालई समेत जरिवाना गर्ने कार्यक्रम घोषणा गरेको महानगरपालिकाका सरसफाई संयोजक जय प्रकाश खेतानले बताए।

# बारा, चितवन र तनहुँमा वैशाख १० मा उपनिर्वाचन

मधेशदृष्टि
वीरगंज, ६ चैत।

बारा क्षेत्र नम्बर २ र तनहुँको क्षेत्र नम्बर १ मा पनि वैशाख १० गते नै उपचुनाव हुने भएको छ। निर्वाचन आयोगको आज बसेको बैठकले बारा-२ र तनहुँ-१ मा वैशाख १० गते उपचुनाव गर्ने निर्णय गरेको आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिएका छन्।

आयोगले यसअघि नै चितवन-२ मा वैशाख १० गते उपचुनाव गर्ने निर्णय गरिसकेको छ। तनहुँ-१ विजयी सांसद रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित हुनुभएकोले त्यहाँ रिक्त पदमा उपचुनाव हुन लागेको हो।

यस्तै बारा-२ का निर्वाचित सांसद रामसहायप्रसाद यादव उपराष्ट्रपति निर्वाचित भएसँगै त्यहाँ पनि उपचुनाव हुन लागेको हो। संविधानअनुसार प्रतिनिधि सभा सदस्य राष्ट्रपति र उपराष्ट्रपति निर्वाचित भएमा पद रिक्त हुने र उपचुनाव गर्नुपर्ने व्यवस्था छ।

यस्तै नागरिकता प्रकरणमा सर्वोच्च अदालतको निर्णयअनुसार रवि लामिछानेले सांसद पद गुमाएपछि चितवन-२ मा पनि उपचुनाव हुन लागेको हो। निर्वाचन आयोगले तनहुँ-१ र बारा-२ मा पनि यसअघि चितवन-२ का लागि स्वीकृत कार्ययोजनाअनुसार नै चुनावको प्रक्रिया अघि बढाउने भएको छ।

यसअघि सार्वजनिक कार्यक्रमअनुसार चैत ८ देखि १२ गतेसम्म दल दर्ता, १६ गते मतदाता नामावली प्रकाशन, चैत १८ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना, २० गते उम्मेदवारको मनोनयन दर्ता र २३ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको छ। वैशाख १० गते बिहान ७ देखि बेलुका ५ बजेसम्म मतदानको समय तोकिएको छ।

# धनुषाबाट सिरहा पुगे चुरे अभियानी




मधेशदृष्टि
सिरहा, ६ चैत। विभिन्न माग सहित लामो समय देखि जनकपुरधामको जनकचौकमा अनिश्चितकालीन धर्नामा बसेका चुरे तथा वनजंगल संरक्षण अभियानीहरूले सिरहामा विरोध प्रदर्शन गरेका छन्।

भूमि अधिकार तथा चुरे वनजंगल संरक्षण लगायतको ५ सूत्रिय मागसहित चुरे तथा वनजंगल संरक्षण अभियानीहरूले सोमबार सिरहाको सदरमुकाम सिरहामा विरोध प्रदर्शन गरेका हुन्। जनआवाज आन्दोलनअन्तर्गत अभियानका सह-संयोजक शनिचरि देवीको नेतृत्वमा विरोध प्रदर्शन गरिएको चुरे तथा वनजंगल संरक्षण अभियानका राष्ट्रिय संयोजक सुनिल यादवले जानकारी दिए। संयोजक यादवले प्रदेश सरकारसँग भूमी व्यवस्थाको अधिकार हुँदाहुँदै केही गर्न नसक्नु सरकारको निक्कमापन रहेको आरोप लगाए। उनले निर्वाचनका क्रममा सुकुम्बासी तथा पीडित जनताका समस्याप्रति गम्भिर नरहेको आरोप समेत लगाए।

चुरे तथा वन जंगल संरक्षण अभियान र मधेस प्रदेश सरकारबिच विगतमा भएको ७ बुँदे सहमति कार्यान्वयन गर्न पहल गर्नुपर्ने, अवैध क्रसर उद्योगहरूको गतिविधि उपर तत्काल रोक लगाउनुपर्ने र दिलीप महतोलाई पर्यावरणीय शहीद घोषणा गर्नुपर्ने लगायतका मागहरू अगाडी सार्दै आइरहेका छन्।

भूमिहीन तथा सुकुम्वासीको आवासको हक मौलिक हकको रूपमा धारा ३७ मा व्यवस्था भएकोले राज्यले गम्भीरताका साथ संविधानको कार्यान्वयनमा तदारुकता देखाउनुपर्ने भन्दै सुकुम्बासी आन्दोलनकारीहरू फागुन ११ गतेदेखि जनकपुरधामको जनकचोकमा धर्नामा बसेका छन्।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल